**मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:**
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## गण्डकीमा पूर्वाधार विकासले गति लिएको छः मुख्यमन्त्री पाण्डे

बाँकी पृष्ठ ५ मा



● वर्ष ४ ● अंक २३४ ● २०८३ साल असार २८ गते आइतबार ● Sunday 12, July 2026 ● सूर्योदय: बिहान ०५:१९ बजे ● सूर्यास्त: साँझ ०७:०२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

### १५ वर्षदेखि उपेक्षित 'नहरको सडक':

# घुँडासम्म पानी, सर्पको त्रास र जनप्रतिनिधिप्रति स्थानीयको आक्रोश



**हरिशंकर शर्मा**
**वीरगंज।**

वीरगंज महानगरपालिका–१६ नगवास्थित 'नहरको सडक' वर्षौंदेखिको सरकारी बेवास्ताको प्रतीक बनेको छ। सामान्य वर्षा हुनासाथ सडक घुँडासम्म पानीले भरिने, हिलो र जलमग्न अवस्थाका कारण दैनिक आवतजावत नै कष्टकर बन्ने गरेको भन्दै स्थानीयले जनप्रतिनिधि र महानगरपालिकाप्रति तीव्र असन्तुष्टि व्यक्त गरेका छन्।

नगवा पोखरीदेखि करिब एक सय मिटर पूर्व हुँदै दक्षिणतर्फ जाने उक्त सडक विगत लामो समयदेखि मर्मत तथा स्तरोन्नति हुन नसक्दा स्थानीय बासिन्दाले दैनिक रूपमा सास्ती भोग्न बाध्य भएका हुन् । विशेषगरी नगवा नयाँ बस्तीका सर्वसाधारण, विद्यार्थी, वृद्धवृद्धा, बिरामी तथा कामकाजी नागरिक सबैभन्दा बढी प्रभावित भएका छन् । सामान्य वर्षा हुँदा पनि सडक पूर्ण रूपमा जलमग्न हुने भएकाले पैदल हिँड्नेदेखि मोटरसाइकल र साना सवारी सञ्चालन गर्नसमेत कठिन हुने गरेको स्थानीयहरूको गुनासो छ।

स्थानीयका अनुसार करिब १५ वर्षअघि ग्राभेल गरिएको उक्त सडक त्यसयता प्रभावकारी रूपमा मर्मत गरिएको छैन । प्रत्येक वर्ष मनसुन सुरु भएसँगै सडक हिलाम्मे र जलमग्न हुने समस्या दोहोरिने गरेपनि सम्बन्धित निकायले स्थायी समाधानतर्फ कुनै चासो नदेखाएको आरोप उनीहरूको छ।

स्थानीयवासीहरूले वडा कार्यालय तथा वीरगंज महानगरपालिकामा पटक–पटक सडक मर्मतका लागि आग्रह गरेपनि कुनै सुनुवाइ नभएको बताएका छन् । वर्षौंदेखि एउटै समस्या दोहोरिँदा पनि न त सडक निर्माणको योजना अघि बढेको छ, न त अस्थायी रूपमा नै आवतजावत सहज बनाउने पहल गरिएको छ । यसले स्थानीयमा जनप्रतिनिधिप्रतिको विश्वाससमेत कमजोर बन्दै गएको उनीहरूको भनाइ छ।

स्थानीयहरू निर्वाचनका बेला मात्रै नेताहरू गाउँ पस्ने र विकासका ठूला–ठूला आश्वासन दिने तर चुनाव सकिएपछि जनताको आधारभूत समस्याप्रति पूर्ण रूपमा बेवास्ता गर्ने प्रवृत्ति दोहोरिएको बताउँछन् । 'भोट माग्ने बेला घर–घर आउने नेताहरू अहिले यो सडकको अवस्था हेर्नसमेत आउँदैनन्,' एक स्थानीयले आक्रोश व्यक्त गरे।

स्थानीयवासीका अनुसार नगवा नयाँ बस्तीमा स्थायी मतदाताको संख्या तुलनात्मक रूपमा कम भएकै कारण यस क्षेत्रलाई विकासका योजनाबाट जानाजानी पछाडि पारिएको छ। अन्य जिल्लाबाट बसाइँ सरेर आएका धेरै परिवारले हालसम्म मतदाता नामावली अद्यावधिक नगरेका कारण मतदाता संख्या न्यून रहेको र यही कारण वडादेखि महानगरपालिकासम्मका जनप्रतिनिधिले यस क्षेत्रलाई प्राथमिकतामा नराखेको आरोप उनीहरूको छ।

सडकमा लामो समयसम्म पानी जमिरहँदा आवागमनमा मात्रै समस्या भएको छैन, सार्वजनिक स्वास्थ्यमा समेत जोखिम बढेको स्थानीय बताउँछन् । सडकको दुवैतर्फ पानी जम्ने खुला स्थान भएकाले सर्पको विगविगी बढेको छ । साँझ र रातको समयमा सर्प घरआँगनसम्म पुग्ने गरेको भन्दै स्थानीय त्रसित छन् । बालबालिका, वृद्धवृद्धा र महिलाहरूलाई सडक प्रयोग गर्न झन् बढी जोखिम हुने गरेको उनीहरूको भनाइ छ।

स्थानीयवासीहरूले वीरगंज महानगरपालिका र वडा नं. १६ कार्यालयसँग तत्काल सडकको स्थायी निर्माण, प्रभावकारी ढल निकासको व्यवस्था तथा वर्षायाममा सुरक्षित आवागमन सुनिश्चित गर्न माग गरेका छन् । उनीहरूका अनुसार आधारभूत पूर्वाधारको अभावमा वर्षौंदेखि सास्ती खेपिरहनु परेको अवस्थामा अब पनि सम्बन्धित निकाय मौन बसिरहे जनआक्रोश थप चर्किने निश्चित छ।

# मिटरब्याजः सत्ता फेरियो, पैसा र पीडाको मिटर बढिरह्यो

**मधेशदृष्टि**
**जनकपुरधाम।**

पटक–पटक सरकारसँग सम्झौता, आयोग गठन र आश्वासन भए पनि न्याय नपाएको भन्दै देशभरका मिटरब्याज पीडित फेरि काठमाडौँ केन्द्रित आन्दोलनमा उत्रिएका छन्। पूर्वदेखि पश्चिमसम्मका पीडित जनकपुरधामको तिरहुतिया गाछीमा भेला भएर बिहीबार पैदल मार्चसहित काठमाडौँ प्रस्थान गरे। केही दिनमा काठमाडौँ पुगेर सिंहदरबार घेराउ गर्ने मिटरब्याज पीडितहरुको योजना छ।

सरकारसँग भएका अघिल्ला सहमति कार्यान्वयन गराउन र आफ्ना माग पूरा गराउन उनीहरूले छ बुँदे माग अघि सारेका छन् । आन्दोलनकारीको भनाइमा विगतमा सरकार परिवर्तन भए, आयोग बने, प्रतिवेदन तयार भए, तर अधिकांश पीडितले अझै न्याय पाएका छैनन्।




- **चुनावी प्रतिबद्धता सम्झाउँदै आन्दोलन**

जनकपुरधामको तिरहुतिया गाछी अहिले फेरि आन्दोलनको केन्द्र बनेको छ। यही स्थानमा गत माघमा चुनावी सभालाई सम्बोधन गर्दै तत्कालीन काठमाडौँ महानगरका मेयर तथा हालका प्रधानमन्त्री बालेन शाहले किसान र मिटरब्याज पीडितको आन्दोलनप्रति आफू संवेदनशील रहेको बताएका थिए । प्रधानमन्त्री बनेको करिब चार महिना बितिसक्दा पनि समस्या समाधानतर्फ ठोस पहल नभएको भन्दै पीडितहरूले सरकारलाई दबाब दिन नयाँ आन्दोलन सुरु गरेका हुन्।

- **न्यायको खोजीमा फेरि पैदल यात्रा**

धनुषाको जनकपुरधाम–१६, कपिलेश्वरकी कुष्मीदेवी डोम दोस्रोपटक काठमाडौँ मार्चमा सहभागी भएकी छन् । २०७९ सालको पहिलो पैदल यात्रामा पनि उनी काठमाडौँ पुगेकी थिइन्। तर, त्यसबेला पनि न्याय नपाएपछि फेरि आन्दोलनमा निस्किएको उनले बताइन् । उनका श्रीमान् विपतिया डोमका अनुसार छोरीको विवाहका लागि लिएको दुई लाख रुपैयाँ ऋणको साँवा–ब्याज तिरिसक्दा पनि तमसुक फिर्ता गरिएन। उल्टै अदालतमार्फत घरजग्गा साहुको नाममा गएको उनीहरूको दाबी छ। अर्को ऋणको विवादमा पनि थप जग्गा गुमाउनुपरेपछि अहिले परिवार घरविहीन भएको उनीहरू बताउँछन्।

यस्तै, पश्चिम नवलपरासीका तिलकराम चौधरीले डेढ लाख रुपैयाँ ऋणको विषयलाई आधार बनाएर साढे तीन बिघा जग्गा गुमाएको आरोप लगाएका छन् । जिल्ला प्रशासन कार्यालयमा पटक–पटक उजुरी दिए पनि सुनुवाइ नभएकाले अन्तिम विकल्पका रूपमा आन्दोलन रोजेको उनको भनाइ छ।

महोत्तरीकी कुमारीदेवीले पनि सामान्य ऋणलाई ठूलो रकमको तमसुक बनाएर अदालतमार्फत आफ्नो घरघडेरी र खेत कब्जा गरिएको दाबी गरेकी छन् । उनले अदालतमार्फत लाखौँ रुपैयाँ बुझाइसके पनि सम्पत्ति फिर्ता नपाएको गुनासो गरिन्।

७० वर्षीया चन्द्रवती देवी पनि वृद्ध अवस्थामै पैदल यात्रामा सहभागी भएकी छन्। उनले ९० हजार रुपैयाँ ऋणको विवादमा २२ कठ्ठा जग्गा गुमाउने अवस्था आएको बताउँदै अन्तिमसम्म न्यायका लागि लड्ने अडान व्यक्त गरिन्।

सिरहाका ६८ वर्षीय शिवनाथ पासवान भने मिटरब्याज पीडित नभए पनि ऐलानी जग्गाको विवादमा न्याय खोज्दै आन्दोलनमा ऐक्यबद्धता जनाउन काठमाडौं हिँडेका छन्।

- **छ बुँदे माग**

मिटरब्याजविरुद्ध किसान–मजदुर आन्दोलन नेपालले सरकारसमक्ष छ बुँदे माग अघि सारेको छ । मुख्य मागहरूमा मिटरब्याजसँग सम्बन्धित तमसुक, दृष्टिबन्धक, चेकलगायतका फर्जी कागजात खारेज गर्नुपर्ने, कडा कानुन बनाएर प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, विशेष न्यायाधिकरण गठन गर्नुपर्ने तथा साहु–महाजनले अवैध रूपमा आर्जन गरेको सम्पत्ति छानबिन गरी जफत गर्नुपर्ने रहेका छन्।

त्यस्तै पीडितको चल–अचल सम्पत्ति फिर्ता गरिनुपर्ने, दोषीलाई कानुनी कारबाही र पीडितलाई क्षतिपूर्ति दिनुपर्ने तथा साना किसान, मजदुर र व्यवसायीलाई सहुलियतपूर्ण ऋण र वित्तीय पहुँच सुनिश्चित गर्नुपर्ने माग पनि उनीहरूले उठाएका छन्।

आन्दोलनका अगुवा अवधेश कुशवाहाले विगतका सहमति कार्यान्वयन नभएकाले पुनः सशक्त आन्दोलन गर्न बाध्य भएको बताए। उनका अनुसार काठमाडौं पुगेर दबाबमूलक कार्यक्रमलाई अझ व्यापक बनाइनेछ।

तीन पटकको आन्दोलन, तीन आयोग

मिटरब्याज पीडितले पहिलोपटक २०७९ चैतमा बर्दिबासबाट पैदल यात्रा गर्दै काठमाडौँ पुगेका थिए । त्यसपछि सरकारसँग पाँचबुँदे सहमति भई पूर्वविशेष अदालतका अध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गरिएको थियो। आयोगमा करिब २८ हजार उजुरी परे पनि सीमित मुद्दामात्र टुंगिएका थिए।

दोस्रोपटक २०८० माघमा मेची र महाकालीबाट एकैसाथ पैदल यात्रा सुरु गरी सैयौँ पीडित काठमाडौं पुगे। त्यसपछि फेरि वार्ता र अर्को आयोग गठन गरियो। आयोगमा पनि करिब ३२ हजार उजुरी परे पनि अधिकांश पीडितले न्याय नपाएको आन्दोलनकारीको दाबी छ।

पछि २०८१ सालमा पूर्वन्यायाधीश बाबुराम रेग्मीको नेतृत्वमा तेस्रो आयोग गठन भए पनि त्यसले समेत अपेक्षित परिणाम दिन नसकेको उनीहरूको आरोप छ।

मिटरब्याज तराई–मधेशमा वर्षौंदेखि जरा गाडेको सामाजिक–आर्थिक समस्या मानिन्छ। बैंक तथा वित्तीय संस्थाबाट सहज रूपमा ऋण नपाउने सर्वसाधारण तत्कालको आवश्यकता पूरा गर्न गाउँघरका साहु–महाजनसँग ऋण लिन बाध्य हुने गरेका छन्।

आन्दोलनकारीका अनुसार वास्तविक ऋणभन्दा धेरै रकम उल्लेख गरी तमसुक बनाउने, चर्को ब्याज असुल्ने र अन्ततः अदालतको प्रक्रियामार्फत घरजग्गा कब्जा गर्ने प्रवृत्तिले हजारौं परिवार विस्थापित भएका छन्। यही समस्याको स्थायी समाधानको माग गर्दै पीडितहरू फेरि एकपटक काठमाडौंतर्फ अघि बढेका छन्।

# १०० दिनमै अधिनायकवादको गन्धः महतो

**मधेशदृष्टि**
**काठमाडौँ।**



राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले वर्तमान सरकारको १ सय दिने कार्यशैलीप्रति गम्भीर असन्तुष्टि व्यक्त गर्दै सरकार पुरानै विभेदकारी र अधिनायकवादी प्रवृत्तितर्फ उन्मुख भएको आरोप लगाएका छन्।

शनिबार सार्वजनिक वक्तव्य जारी गर्दै अध्यक्ष महतोले पछिल्लो जनादेश केवल सरकार परिवर्तनका लागि नभई दशकौँदेखि सञ्चित जनअसन्तुष्टि, पीडा र विद्रोहको अभिव्यक्ति भएको उल्लेख गरेका छन्। उनले राज्यको एकल सोच, नीति र संरचना परिवर्तन नगरेसम्म उत्पीडित समुदायको आकांक्षा पूरा हुन नसक्ने बताएका छन्।

उनले सरकारले गरिब तथा सुकुम्बासी बस्ती हटाउने, सीमावर्ती नागरिकमाथि कठोर व्यवहार गर्ने, समानुपातिक समावेशितालाई कमजोर बनाउने तथा शिक्षा–स्वास्थ्यमा कर लगाउनेजस्ता नीतिमार्फत विभेदलाई संस्थागत गरिरहेको आरोप लगाए । बजेटले बिचौलिया पुँजीवादलाई संरक्षण गरेको, किसान, युवा, महिला तथा प्रदेशको हितलाई बेवास्ता गरेको पनि उनको भनाइ छ।

महतोले संविधान संशोधनको बहसलाई स्वागत गरे पनि संघीयता कमजोर बनाउने प्रयास स्वीकार्य नहुने स्पष्ट पारे । राज्य पुनर्संरचना सम्बन्धी आयोगको बहुमत प्रतिवेदनअनुसार १०+१ प्रदेश र २४ स्वायत्त क्षेत्रसहितको बहुलराष्ट्रिय राज्यको संरचना, न्यायोचित राजस्व बाँडफाँट, समानुपातिक समावेशिता, प्रादेशिक भाषामा सरकारी सेवा तथा समान प्रतिनिधित्व सुनिश्चित नभएसम्म वास्तविक सुधार सम्भव नहुने उनको धारणा छ । साथै, आन्दोलनका क्रममा लगाइएका झुट्टा मुद्दा फिर्ता लिन र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न उनले सरकारसँग माग गरेका छन्।

अध्यक्ष महतोले नेपाल अस्तित्व, सार्वभौमिकता, जनअधिकार, पहिचान, संस्कृति र स्वशासनमाथि संकटको अवस्थामा पुगेको दाबी गर्दै दलगत स्वार्थभन्दा माथि उठेर वैकल्पिक राजनीतिक मार्ग निर्माण गर्नुपर्ने आवश्यकता औँल्याए । उनले सभ्यता, स्वशासन र समृद्धिलाई आधार बनाएर नयाँ राष्ट्रिय पुनर्जागरणका लागि लोकतान्त्रिक, पहिचानवादी तथा परिवर्तनकामी शक्तिहरूबीच साझा सहकार्य अपरिहार्य भएको उल्लेख गरेका छन्। वक्तव्यको अन्त्यमा महतोले न्यायपूर्ण, समावेशी र स्वाभिमानी नेपाल निर्माणका लागि सम्पूर्ण राजनीतिक दल, बुद्धिजीवी, नागरिक समाज, युवा, किसान र मजदुरलाई साझा अभियानमा एकजुट हुन आह्वान गर्दै राष्ट्रिय मुक्ति पार्टी नेपाल त्यसका लागि आवश्यक सबै प्रकारको योगदान दिन तयार रहेको बताएका छन्।

## आवश्यकता

विगत ४ वर्षदेखि नियमित प्रकाशित भइरहेको मधेश प्रदेशको प्रतिनिधि अखबार 'मधेशदृष्टि दैनिक'लाई तपसिल बमोजिमका सहकर्मी चाहिएकाले इच्छुक नेपाली नागरिकले साउन १० गतेभित्र हस्तलिखित आवेदन तथा हस्तलिखित नमूना समाचारसहित आवश्यक कागजपत्र इमेल गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**पदः** जिल्ला संवाददाता
**संख्याः** प्रत्येक जिल्लामा १ जना
**आवश्यक जिल्लाहरुः** सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही
**न्युनत योग्यताः** प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण भएर पत्रकारिता गरिरहेको या एसएलसी (एसइइ) उत्तीर्ण भइ कम्तीमा ३ वर्ष पत्रकारितामा क्रियाशील।
**थप क्षमताः** नेपाली भाषामा समाचार टाइप गर्न, इमेल गर्न, फोटोसप चलाउन र रिलयुक्त भिडियो खिच्न सक्ने, रेडियो वीरगंज तथा टिभी वीरगंजमा घटनास्थलबाट प्रत्यक्ष प्रसारण गर्न सक्ने।
**आवश्यक कागजपत्रः** नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र र पत्रकारिता तालिमका प्रमाणपत्रका प्रतिलिपि
**पारिश्रमिकः** आपसी सहमतिमा तय हुनेछ।
(मधेशका महिला, अल्पसंख्यक, दलित, सिमान्तकृत र पछाडि पारिएको समूहबाट प्राप्त आवेदनलाई उच्च प्राथमिकता दिइनेछ।)
निवेदन madheshdristi@gmail.com मा इमेल गर्नुहोला।

हार्भेस्टर किन्नु अघि
यो कुरा अवश्य सोच्नुहोस्!
हार्बेस्टर बेच्ने धेरै छन्,
तर भरपर्दो स्पेयर पार्ट्स् र सर्भिस दिने कति छन्
हार्बेस्टर सिजनमा एक दिन पनि बन्द भयो भने किसानलाई ठूलो आर्थिक नोक्सानी हुन सक्छ।
आज धेरै हार्भेस्टरहरू स्पेयर पार्ट्सको अभाव र समयमा सर्भिस नपाउँदा प्रयोगविहीन बनेका छन्।
किन रोज्ने त्रिशक्ति ट्रेक्टर, वीरगंज ?
हार्भेस्टरका विशाल स्पेयर पार्ट्स स्टक सधैं उपलब्ध।
आवश्यक स्पेयर पार्ट्स २४ घण्टाभित्र तपाईंको स्थानसम्म डेलिभरी।
दक्ष र अनुभवी सर्भिस इन्जिनियरहरूको टोली।
आवश्यक परे २४ घण्टाभित्र घरदैलोमै सर्भिस।
आधुनिक सर्भिस स्टेशन।
२५ वर्षभन्दा बढीको अनुभव र हजारौं किसानको विश्वास।
हामी केवल हार्बेस्टर बेच्दैनौं, बिक्रीपछिको सेवाको पनि पूर्ण जिम्मेवारी लिन्छौं।




त्रिशक्ति ट्रेक्टर, वीरगंज
किसानको विश्वास, हाम्रो प्रतिबद्धता !
सम्पर्कः 98550 21281

# वर्षा नहुँदा रौतहटका खेत बाँझै



**रौतहट।**
रौतहटको चन्द्रपुर नगरपालिका–२ सखुवानीका किसान खुशबहादुर बम्जन दैनिकजसो खेत पुगेर आकाश हेर्दै फर्किन्छन्। असारको २७ गते बितिसक्दासमेत यस वर्ष रोपाइँको टुङ्गो नहुँदा उनी निराश हुन्छन्।

धानको बीउ तयार छ तर खेत पूरै सुक्खा छ । खेतमा सिँचाइको सुविधा नहुँदा यहाँका भेगका बम्जनसहित सयौँ किसान आकाश हेर्न बाध्य छन्। गत वर्ष पनि समयमा वर्षा नहुँदा सिँचाइ अभावले धान रोप्न नपाएका बम्जनले यस वर्ष भने रोपाइँ गर्ने योजना बनाएका थिए। अहिले आकाशे पानीको भरमा बस्नु परिरहेकाले रोपाइँ अन्योल बनेको उनको भनाइ छ । ‘रोपाइँका लागि आलीधारी जोतखन तयार छ तर पानीको व्यवस्था नहुँदा समस्या भइरहेको हो, खेत पूरै बाझै छन्’, बम्जनले भने।

यस्तै समस्या र चिन्तामा छन् सोही गाउँका कुलदीप चौधरी । ‘गत वर्ष सिँचाइ नहुँदा रोपाइँ नभएको खेत अहिले पनि बाँझै रहने चिन्ता छ । अहिलेसम्म पर्याप्त पानी परेको छैन, बीउ ब्याडमै सुकेका छन् । कहिले रोपाइँ गर्ने अन्योलमा छौँ’, उनले भने।

आकाशे पानीको भरमा बस्नुपर्ने, वैकल्पिक सिँचाइको व्यवस्था नहुनेलगायत कारणले खेत बाँझै हुन थालेकामा उनले चिन्ता व्यक्त गरे।

किरण बम्जन, बाबुराम घिसिङ, उमेश चौधरीलगायत यहाँका सयौँ किसानलाई गत वर्ष बाँझो बनेका खेत यस वर्ष पनि रोपाइँ नहुने हो कि भन्ने चिन्ता बढेको छ।

जिल्लामा करिब ३८ हजार ५०० हेक्टर जमिन धान रोप्न योग्य भए पनि हालसम्म ६ हजार १६० हेक्टरमा मात्रै धान रोपाइँ भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख सुरेन्द्र कुर्मीले जानकारी दिए । यतिबेलासम्म करिब ४५ देखि ५० प्रतिशत रोपाइँ हुनुपर्ने बताउँदै उनले प्रयाप्त वर्षा नहुँदा करिब १६ प्रतिशत रोपाइँ भाएको उल्लेख गरे।

बागमती सिँचाइ आयोजनाले रौतहटको करिब १३ हजार हेक्टर र झाँझ सिँचाइ आयोजनाले करिब चार हजार ५०० हेक्टर जमिन सिँचित गर्दै आएको कार्यालय प्रमुख कुर्मीले जानकारी दिए। उनका अनुसार बागमती सिँचाइबाट चन्द्रपुर नगरपालिकाको आधा भूभाग, बृन्दावन, गुजरा, गढीमाई, माधवनारायण नगरपालिका तथा दुर्गाभगवती गाउँपालिकामा सिँचाइ सुविधा पुगेको छ।

त्यस्तै, झाँझ आयोजनाअन्तर्गत गरुडा, माधवनारायण, गढीमाई नगरपालिका र यमुनामाई गाउँपालिकामा सिँचाइ पुगेको छ । स्यालो ट्युबवेलबाट २० प्रतिशत खेतीयोग्य जमिन सिञ्चित हुने कुर्मीले जानकारी दिए । स्यालो ट्यिुबेल तरकारीखेतीमा बढी प्रयोग हुने गरेको उनको भनाइ छ। उनका अनुसार नारायणी सिँचाइ व्यवस्थापन कार्यालयअन्तर्गत गण्डक नहरको पानी रौतहट भित्र्याउनसके चार वटा पालिकामा सिँचाइ पुग्ने उनले बताए।

उक्त नहर सरसफाइ गरेर पानी रौतहट ल्याउनसके यहाँका बौधीमाई, राजपुर, परोहा नगरपालिका र दुर्गाभगवती गाउँपालिकाका खेत सिञ्चित हुने कार्यालय प्रमुख कुर्मीले उल्लेख गरे । उनका अनुसार बौधीमाई नगरपालिकाको बङ्कुलबाट दुर्गाभगवती गाउँपालिकाको बडहर्वासम्म गण्डक नहर विस्तार भए पनि लामो समयदेखि उक्त नहरमा पानी आउन सकेको छैन।

रौतहटको कुल ५२ हजार २०० हेक्टर खेतीयोग्य जमिनमध्ये करिब ३८ हजार ५०० हेक्टरमा धान रोपिँदै आइएको उनले जानकारी दिए।

कार्यालय प्रमुख कुर्मीका अनुसार गत वर्ष रौतहटमा करिब ३१ हजार ५०० हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो । मनसुन सक्रिय भई निरन्तर वर्षा भए केही दिनभित्र रोपाइँले गति लिने उनले बताए। रासस

# वीरगंज स्थित यातायात कार्यालयमा लाइसेन्स लिने सेवाग्राहीको भीड



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित यातायात व्यवस्था कार्यालयमा शनिबारसमेत सवारी चालक अनुमतिपत्रको कार्ड लिन सेवाग्राहीको उल्लेख्य भीड लागेको छ।

सार्वजनिक बिदाको दिनसमेत कार्यालयमा कार्ड वितरणको व्यवस्था गरिएकाले बिहानैदेखि सेवाग्राहीहरू लामो लाइनमा बसेर आफ्नो पालो कुरिरहेका देखिएका छन्।

वर्षौंदेखि छपाइको अभावका कारण वितरण हुन नसकेका सवारी चालक अनुमतिपत्रका कार्ड पछिल्लो तीन महिनादेखि ठूलो संख्यामा छापिएर कार्यालयहरूमा आउन थालेपछि वितरण कार्यले तीव्रता पाएको हो।

यससँगै लामो समयदेखि कार्डको प्रतीक्षामा रहेका सेवाग्राहीहरू अहिले कार्ड लिन कार्यालय पुग्ने क्रम बढेको छ।

कार्यालय स्रोतका अनुसार सेवाग्राहीको चापलाई व्यवस्थापन गर्न बिदाको दिनसमेत कार्ड वितरणको व्यवस्था गरिएको छ । सेवाग्राहीहरूले लामो समयपछि लाइसेन्स कार्ड लिन आउँदा पनि धेरै भिडभाड देखिएको बताएका छन् । कार्ड वितरणको काम नियमित रूपमा जारी रहने भएकाले सम्बन्धित सेवाग्राहीलाई तोकिएको प्रक्रिया पूरा गरी कार्ड लिन यातायात कार्यालयले आग्रह गरेको छ।

# पशुपतिमा साउने सोमबारको तयारी, सफाइ अभियान सुरु



**काठमाडौं।**
साउन महिनामा आराध्यदेव भगवान् पशुपतिनाथ मन्दिरको पूजाआराधना एवं दर्शनका निम्ति आउने भक्तजनको सहजताका निम्ति पशुपति क्षेत्रमा सफाइ अभियान सुरु गरिएको छ। साउन महिना र सोमबार आशुतोष भगवान् शिवको महिना र बार मानिने भएकाले एकैदिन लाखौँ भक्तजन पशुपतिनाथको पूजाआराधना एवं दर्शनका निम्ति आउने गर्छन्। भक्तजनलाई सहज रूपमा सेवा दिने उद्देश्यले पशुपति क्षेत्र विकास कोषले शनिबार (असार २७)देखि सफाइ अभियान सुरु गरेको कार्यवाहक सदस्यसचिव एवं कोषाध्यक्ष मीनाकुमारी श्रेष्ठले जानकारी दिइन्।

पहिलो दिन आज पशुपतिनाथ मूल मन्दिर क्षेत्रबाट सूर्यघाटसम्म सफाइ गरिएको छ । यो अभियानलाई आइतबार (असार २८) अपराह्णपछि पनि निरन्तरता दिइने उनले बताइन् । आइतबार मूल मन्दिर बन्द भएपछि सूक्ष्म रूपमा सफाइ गर्न लागिएको जनाउँदै यसमा सुरक्षा निकायलाई पनि सहभागी गराइने उनले उल्लेख गरिन्।

पशुपति क्षेत्रको सफाइमा पहिलो दिन दर्जन बढी संघसंस्थाको सहभागिता थियो।

कोषले शनिबार देखि सुरु गरेको सफाइ अभियानलाई प्रत्येक हप्ताको शनिबार पनि निरन्तरता दिने तयारी गरिएको कोषाध्यक्ष श्रेष्ठले बताइन् । साउनका निम्ति भने आइतबार र अरू दिनमा पनि आवश्यकताअनुसार विशेष सफाइ अभियान सञ्चालन गरिने उनले जानकारी दिइन्। रासस

# उपचार सेवा विस्तारसँगै सुदूरपश्चिममा कालाजारका बिरामी घट्दै

**कञ्चनपुर।**
सुदूरपश्चिम प्रदेशमा कालाजार (लिस्मानियासिस) का बिरामीको सङ्ख्या पछिल्ला केही वर्षयता निरन्तर घट्दै गएको छ । अस्पतालमा उपचार सेवा विस्तार, दक्ष स्वास्थ्यकर्मीको उपलब्धता, निःशुल्क औषधि तथा परीक्षण, सङ्क्रमितको सक्रिय खोजपड्ताल र रोग सार्ने भुसुनाको निगरानी प्रभावकारी बन्दै जाँदा सङ्क्रमण घट्दै गएको हो।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालय, दीपायलका कीट नियन्त्रण निरीक्षक हेमराज जोशीका अनुसार विगतमा कालाजारको उपचार धनगढीमा मात्रै उपलब्ध थियो। पछि त्यो सेवा महेन्द्रनगरसम्म विस्तार भयो । अहिले अधिकांश प्रादेशिक तथा जिल्ला अस्पतालमा परीक्षण र उपचारको सुविधा पुगेको छ । स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि, आवश्यक औषधि, परीक्षण कीट तथा दक्ष जनशक्तिको व्यवस्थापनका साथै सङ्क्रमित भेटिएका गाउँमा सक्रिय खोज अभियान सञ्चालन गरिएकाले कालाजारका बिरामीको संख्या घट्दै गएको उनले बताए।

रोग सार्ने ‘फ्लेबोटोमस अर्जेन्टाइपिस’ नामक भुसुनाको नियमित अध्ययन र नियन्त्रणका कार्यक्रमसमेत प्रभावकारी रूपमा सञ्चालन हुँदै आएका कीट नियन्त्रण निरीक्षक जोशीले बताए। उनका अनुसार सुदूरपश्चिममा सन् २०२३ मा ६३, सन् २०२४ मा ४६, सन् २०२५ मा २६र सन् २०२६ को जुलाई ९ तारिखसम्म १३ जना कालाजारका बिरामी फेला परेका छन् । राष्ट्रियस्तरमा भने सन् २०२३ मा २४९, सन् २०२४ मा ३१८, सन् २०२५ मा २४९ र सन् २०२६ को जुलाई ९ तारिखसम्म ११५ जना सङ्क्रमित पुष्टि भएका कीट नियन्त्रण निरीक्षक जोशीले जानकारी दिए । ‘कालाजार ‘लिस्मानिया’ नामक परजीवीका कारण हुने किटजन्य सरुवा रोग हो।

सङ्क्रमित भुसुनाले टोकेपछि परजीवी मानिसको शरीरमा प्रवेश गरी विभिन्न अङ्गमा असर पुर्याउँछ, यसको सबैभन्दा गम्भीर प्रकार भिसेरल लिस्मानियासिस (कालाज्वर) हो। जसले कलेजो, फियोलगायत शरीरका प्रमुख भित्री अङ्गमा असर पुर्याउँछ, समयमै उपचार नभए बिरामीको मृत्यु समेत हुन सक्छ’’, उनले भने। उनका अनुसार कटेनियस लिस्मानियासिस (छालाको कालाज्वर) ले छालामा घाउ र दाग बनाउँछ भने ‘म्युकोकुटेनियस लिस्मानियासिस’ले नाक, मुख र घाँटीभित्रको म्युकस झिल्लीमा असर पुर्याइ अङ्गको बनावटसमेत बिगार्न सक्छ। ‘पोस्ट कालाजार डर्मल लिस्मानियासिस’ भने कालाजार निको भएपछि छालामा देखिने दाग वा बिमिरा भन्दै कीट नियन्त्रण निरीक्षक जोशीले यसले सङ्क्रमण फैलाउन भूमिका खेल्ने भएको आवश्यक सचेतना अपनाउनुपर्नेमा जोड दिए।

कालाजारको सङ्क्रमण भएमा लामो समयसम्म लगातार ज्वरो आउने, तौल घट्दै जाने, शरीर कमजोर हुने, रगतको कमी देखिने, कलेजो र प्लीहा ठूलो हुने, छालामा घाउ वा दाग देखिने तथा नाक वा मुखभित्र घाउ हुनेजस्ता लक्षण देखिएमा तत्काल स्वास्थ्य संस्थामा परीक्षण गराउनु पर्दछ । समयमै उपचार गरे कालाजार पूर्ण रूपमा निको हुने बताउँदै उनले बेवास्ता गर्दा यसले ज्यानसमेत जानसक्ने भएकाले लक्षण देखिएमा तत्काल उपचार गराउन उनले सबैलाई आग्रह गरे।

स्वास्थ्य निर्देशनालयका अनुसार कालाजारबाट बच्न भुसुनाको टोकाइबाट जोगिनु सबैभन्दा प्रभावकारी उपाय हो। झुल प्रयोग गर्ने, शरीर ढाक्ने लुगा लगाउने, घर वरिपरिका झाडी सफा गर्ने, भित्ताका चिरा पुरेर भुसुना बस्ने स्थान नष्ट गर्ने तथा आवश्यक परे कीटनाशक औषधि छर्कने उपाय अपनाउनुपर्ने कीट नियन्त्रण निरीक्षक जोशीले सुझाव दिए । उनका अनुसार अहिले वर्षायामको सुरुआत भएकाले बिरामीको सङ्ख्या कम देखिए पनि वर्षा र त्यसपछिको मौसममा सङ्क्रमण बढ्ने सम्भावना रहन्छ। विशेषगरी जनवरीदेखि अक्टोबरसम्म कालाजारका बिरामी बढी देखिने गरेका छन्।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को सहयोगमा गरिएको अध्ययनले सुदूरपश्चिमका नौ जिल्लाका ८८ स्थानीय तहमध्ये करिब आधा क्षेत्रमा कालाजार सार्ने भुसुना फेला परेको देखाएका कीट नियन्त्रण निरीक्षक जोशीले जानकारी दिए। सन् २०२५ मा प्रदेशमा सबैभन्दा बढी कैलालीमा ११ जना र त्यसपछि कञ्चनपुरमा कालाजारका बिरामी भेटिएका थिए । हाल जिल्ला अस्पतालमा कालाजारको परीक्षण, औषधि र उपचार निःशुल्क उपलब्ध छ । आवश्यक औषधि र परीक्षण किट डब्लुएचओको सहयोगमा उपलब्ध गराइँदै आएको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

नेपाल सरकारले सन् २०२६ भित्र ‘भिसेरल लिस्मानियासिस’लाई सार्वजनिक स्वास्थ्य समस्याका रूपमा उन्मूलन गर्ने लक्ष्य लिएर निगरानी, उपचार र जनचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाउँदै आएको छ। रासस

# विपद् तयारीका लागि साढे दुई करोडबढीका उपकरण हस्तान्तरण

**हेटौँडा।**
बागमती प्रदेश सरकारले विपद्को पूर्वतयारीलाई सुदृढ बनाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई रु दुई करोड ४७ लाख १२ हजार ३१० बराबरका उद्धार सामग्री तथा उपकरण हस्तान्तरण गरेको छ।




मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज आयोजित कार्यक्रममा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले नेपाली सेनालाई ७५ लाख ६२ हजार ३००, नेपाल प्रहरीलाई ५४ लाख ६६ हजार ४८८ र सशस्त्र प्रहरी बललाई एक करोड १६ लाख ८३ हजार ५२२ बराबरका विपद् पूर्वतयारीका सामग्री उपलब्ध गराए। हस्तान्तरण गरिएका सामग्रीमा अत्याधुनिक ड्रोन तथा बाढीबाट उद्धारका लागि आवश्यक उपकरण समावेश छन्।

यसअघि मुख्यमन्त्री बानियाँले वर्षाजन्य तथा अन्य विपद्को पूर्वतयारी, राहत सामग्री व्यवस्थापन र सुरक्षा संयन्त्रको उच्च सतर्कताबारे नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकारीहरूसँग छलफल गरेका थिए। सो अवसरमा उनले वर्षा सुरु भएसँगै बाढी, पहिरो, डुबान तथा सडक अवरोधको जोखिमलाई मध्यनजर गर्दै प्रदेश सरकारले विपद् पूर्वतयारीलाई उच्च प्राथमिकतामा राखेको बताए।

मुख्यमन्त्री बानियाँले विगतका विपद्बाट प्राप्त अनुभवका आधारमा सम्भावित जोखिमको पूर्वानुमान, राहत सामग्रीको व्यवस्थापन, सूचना प्रणालीको समन्वय र सुदृढीकरण तथा उद्धार संयन्त्रलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको उल्लेख गरे।

उनले प्रदेशभरका सम्भावित बाढी, पहिरो र डुबान प्रभावित क्षेत्रको अध्ययन भइरहेको जानकारी दिँदै विपद् व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए । प्रदेशभित्रका गाउँपालिका र नगरपालिकाबीच सूचना आदानप्रदानलाई व्यवस्थित बनाइने पनि उनले जानकारी दिए।

बागमती प्रदेश सरकारले नुवाकोट र हेटौँडा उपमहानगरपालिकाको थानाभ¥याङमा विपद् व्यवस्थापनका लागि आवश्यक राहत सामग्री तथा उपकरण भण्डारण गरिएको जनाएको छ । रासस

# निष्क्रिय खाता कार्ययोजना बनाई न्यूनीकरण गर्न निर्देशन




**काठमाडौँ।**
नेपाल राष्ट्र बैंकअन्तर्गतको बैंक तथा वित्तीय संस्था नियमन विभागले बैंक तथा वित्तीय संस्थालाई आफूसँग रहेका निष्क्रिय खातालाई न्यून गर्ने सम्बन्धमा कार्ययोजना बनाएर २०८३ पुस मसान्तसम्ममा लागू गर्नुपर्ने निर्देशन दिएको छ।

राष्ट्र बैंकले इजाजतपत्रप्राप्त ‘क’ वर्गका वाणिज्य बैंक, ‘ख’ वर्गका विकास बैंक र ‘ग’ वर्गका फाइनान्स कम्पनीहरुलाई शुक्रबार जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन तथा परिमार्जन गरेर निष्क्रिय खाता न्यूनीकरण गर्नेतर्फ आवश्यक काम अघि बढाउन निर्देशन दिएको हो।

राष्ट्र बैंकले इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका सक्रिय खाता निष्क्रिय हुनुपूर्व फोन, एसएमएस र इमेललगायतका माध्यमबाट ग्राहकलाई नियमित रूपमा जानकारी गराउने व्यवस्था गर्न पनि निर्देशन दिएको छ। त्यस्तै गरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले निष्क्रिय खाता सक्रिय गराउनको लागि कम्तीमा छ महिना अवधिको अन्तरालमा फोन, एसएमएस र इमेललगायतका माध्यमबाट पनि सम्बन्धित ग्राहकलाई अनुरोध गरेर सोको अभिलेखसमेत राख्नुपर्ने व्यवस्था गरिएको छ।

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू सम्बन्धित संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालय वा मोबाइल वा वेब एप्लिकेसनमार्फत समेत ग्राहकले सहज रूपमा बन्द गर्नसक्ने व्यवस्था गर्नुपर्ने राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशिकमा उल्लेख गरिएको छ।

राष्ट्र बैंकले ग्राहकको उपस्थित भई वा मोबाइल वा वेब एप्लिकेसनमाफृत ग्राहकले खाता बन्द गर्न अनुरोध गरेको खण्डमा उक्त खातामा रहेको मौज्दात निजले अनुरोध गरेको अन्य बैंक तथा वित्तीय सस्थामा रहेको निजको खातामा रकमान्तर गरी खाता बन्द गरिदिनुपर्ने उल्लेख गरिएको छ।

राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालयबाट समेत ग्राहक पहिचान गरी सहजरुपमा खाता पुनः सक्रिय गर्नसक्ने व्यवस्था गर्न पनि स्पष्ट निर्देशन दिएको छ । राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका निष्कृय भई पुनः सञ्चालन भएका खातामा हुने अस्वभाविक कारोबारको निगरानी गर्ने प्रणालीको विकास गर्न पनि बैंक तथा वित्तीय संस्थालाई अनुरोध गरेको छ। रासस

# जनकपुरधाममा जलवायु न्याय अभियान कार्यशाला, जलवायु संकट समाधानमा युवा नेतृत्व आवश्यक




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जलवायु परिवर्तनका कारण बढ्दो जोखिम न्यूनीकरण तथा त्यसको प्रभावसँग जुध्न युवाको भूमिका सशक्त बनाउने उद्देश्यले जनकपुरधाममा 'जलवायु न्याय अभियान क्षमता अभिवृद्धि कार्यशाला तथा प्यानल छलफल' सम्पन्न भएको छ। दिगो विकास इन्स्टिच्युटको आयोजना तथा कायापलट र ओरेक नेपालको सहयोगमा जिल्ला समन्वय समिति धनुषाको सभाहलमा आयोजित एकदिने कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका करिब ६० जना युवा, सामाजिक अभियन्ता, विद्यार्थी, महिला तथा वातावरण संरक्षणका क्षेत्रमा सक्रिय व्यक्तिहरूको सहभागिता रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशका उपसचिव बेचनकुमार महतोले पछिल्ला वर्षहरूमा मधेश प्रदेशले अत्यधिक गर्मी, अनियमित वर्षा, बाढी तथा भूमिगत जलस्रोतको तीव्र ह्रासजस्ता जलवायुजन्य समस्याको सामना गरिरहेको बताए। उनले जलवायु परिवर्तन अब वातावरणीय चुनौती मात्र नभई सामाजिक तथा आर्थिक न्यायसँग प्रत्यक्ष जोडिएको विषय बनेको उल्लेख गर्दै यसको समाधानका लागि सबै तहको सहकार्य आवश्यक रहेको धारणा राखे।

उपसचिव महतोले मन्त्रालयले वन तथा वातावरण क्षेत्रमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति कार्यान्वयनमा ल्याइसकेको जानकारी दिँदै ती नीति स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिए। कार्यक्रममा कायापलटका कार्यक्रम अधिकृत प्रत्युष ठाकुरले जलवायु परिवर्तन, जलवायु न्याय, विपद् जोखिम न्यूनीकरण, मानव अधिकार तथा युवाको भूमिकाबारे प्रस्तुति दिएका थिए। कार्यक्रम संयोजक आभाष कर्णले जलवायु न्यायको अभियानलाई प्रभावकारी बनाउन युवा नेतृत्व र सक्रिय सहभागिता अपरिहार्य रहेको बताए। ओरेक नेपाल मधेश प्रदेशकी संयोजक बिना सिंहले जलवायु परिवर्तनका कारण महिला स्वास्थ्य, जीविकोपार्जन र सामाजिक जीवनमा परेको असरबारे धारणा राखिन्। नेपाल पत्रकार महासंघ धनुषाका पूर्वअध्यक्ष मनिका झाले सञ्चारमाध्यम र प्रविधिको प्रभावकारी प्रयोगमार्फत जलवायु न्यायसम्बन्धी जनचेतना विस्तार गर्नुपर्नेमा जोड दिइन्।

कार्यक्रम संयोजक आभाष कर्णले जनकपुरधाममा बढ्दो तापक्रम, फोहोर व्यवस्थापन तथा अन्य वातावरणीय चुनौतीप्रति युवालाई सचेत र सक्रिय बनाउने उद्देश्यले कार्यशाला आयोजना गरिएको बताए। उनले आगामी दिनमा पनि वातावरण संरक्षण र जलवायु न्यायका विषयमा युवाको नेतृत्वमा अभियान सञ्चालन गरिने जानकारी दिए। कार्यक्रम व्यवस्थापनमा धर्मेन्द्र महतो र आयुष कर्णले सहकार्य गरेका थिए। आयोजक दिगो विकास इन्स्टिच्युटले दिगोपन, समानता र जलवायु न्याय प्रवर्द्धन गर्दै युवा नेतृत्व विकास तथा सकारात्मक सामाजिक परिवर्तनका लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# दुई महिनादेखि सार्वजनिक बाटो बन्दः निजी बंगला निर्माणका कारण रेल्वे रोडका स्थानीय सास्तीमा, महानगरमाथि संरक्षणको आरोप

मधेशदृष्टि
वीरगंज।
वीरगंज महानगरपालिका–७ रेल्वे रोडस्थित नेपाल जिम क्लबको पश्चिमतर्फ रहेको सार्वजनिक सडक करिब दुई महिनादेखि अवरुद्ध रहँदा स्थानीय बासिन्दाको दैनिक जीवन कष्टकर बनेको छ। निजी बंगला निर्माणका क्रममा सार्वजनिक बाटो र नाला बन्द गरिएपनि महानगरपालिकाले समयमै हस्तक्षेप नगरेको भन्दै स्थानीयले तीव्र असन्तुष्टि व्यक्त गरेका छन्। उनीहरूले तत्काल सडक सञ्चालनमा नल्याइए आन्दोलनमा उत्रिने चेतावनी समेत दिएका छन्।



स्थानीयका अनुसार नेपाल तथा भारतसहित विभिन्न मुलुकमा व्यापार गर्दै आएका व्यवसायी निरञ्जन चौधरीले आफ्नै बंगला निर्माणका क्रममा सार्वजनिक बाटो अवरुद्ध गराएका हुन्। निर्माण कार्यका बेला प्रयोग गरिएको डोजरले सडकसँगै नाला समेत भत्काएपछि आवागमन पूर्ण रूपमा प्रभावित भएको थियो। त्यसयता सडक पुनः सञ्चालनमा ल्याउने विषयमा कुनै प्रभावकारी पहल नहुँदा सर्वसाधारणले अनावश्यक सास्ती खेप्न बाध्य भएका छन्।

घटनापछि स्थानीयको विरोध चर्किएपछि वीरगंज महानगरपालिकाको नगर प्रहरीको रोहबरमा ३५ दिनभित्र सडकलाई पूर्ववत् अवस्थामा पुनःनिर्माण गर्ने सहमति भएको थियो। सम्भावित दुर्घटना रोक्न भन्दै अस्थायी रूपमा बाटो बन्द गरिएको भएपनि सहमतिको अवधि सकिएको झण्डै एक महिना बितिसक्दा पनि सडक पुनः सञ्चालनमा आउन सकेको छैन।

स्थानीयको आरोप अनुसार सहमति कार्यान्वयन गराउने दायित्व महानगरपालिकाको भएपनि सम्बन्धित निकायले उदासीनता देखाएको छ। वडा नं. ७ का जनप्रतिनिधि, महानगरपालिकाका केही कर्मचारी तथा प्रभावशाली व्यक्तिहरूको संरक्षणका कारण सार्वजनिक सम्पत्तिमाथिको अतिक्रमणलाई मौन समर्थन गरिएको आरोप समेत उनीहरूले लगाएका छन्। केही स्थानीयले यस प्रकरणमा आर्थिक चलखेल भएको आशंका व्यक्त गर्दै निष्पक्ष छानबिनको माग गरेका छन्।

सडक मात्रै होइन, नालाको प्राकृतिक निकाससमेत बन्द हुँदा समस्या झन् जटिल बनेको छ। सामान्य वर्षा हुँदा समेत पानी निकास हुन नसकी टोल डुबानमा पर्न थालेको स्थानीयको भनाइ छ। शुक्रबार राति परेको सामान्य वर्षापछि वर्षाको पानी घर–घरमा पस्न थालेपछि स्थानीयवासीको आक्रोश थप चुलिएको थियो। उनीहरूका अनुसार समयमै नाला सञ्चालन गरिएको भए यस्तो अवस्था सिर्जना हुने थिएन।

डुबानको समस्यापछि शनिबार बिहान आक्रोशित स्थानीय निर्माणस्थलमै पुगेका थिए। निर्माणधनीसँग प्रत्यक्ष संवाद गर्न खोज्दा उनी सम्पर्कमा नआएपछि स्थानीयले वीरगंज महानगरपालिकाका कार्यवाहक मेयर इतेयाज आलम तथा वडा नं. ७ का वडा अध्यक्ष हिराकाजी महर्जनसँग तत्काल हस्तक्षेप गरी सार्वजनिक बाटो खुलाउन माग गरेका थिए।

विवाद बढेपछि महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सर्फुदिन मियाँ, नगर प्रहरी प्रमुख हरि भुसाल र वडा अध्यक्ष हिराकाजी महर्जन घटनास्थल पुगेका थिए। तर निरीक्षणका क्रममा पनि सार्वजनिक सडक कहिले सञ्चालनमा आउने, नाला कहिलेसम्म पुनःनिर्माण हुने वा सहमति उल्लंघन गर्ने पक्षमाथि के कारबाही हुने भन्ने विषयमा कुनै स्पष्ट निर्णय सार्वजनिक नगरिएको भन्दै स्थानीय असन्तुष्ट बनेका छन्।

स्थानीयवासीको भनाइमा सार्वजनिक बाटो कुनै निजी व्यक्तिको स्वामित्वमा रहने विषय होइन। त्यसैले निजी निर्माणको नाममा सार्वजनिक सडक र नाला अवरुद्ध हुनु कानुनी शासनमाथिकै चुनौती भएको उनीहरूको तर्क छ। महानगरपालिकाकै रोहबरमा भएको लिखित सहमति कार्यान्वयन गराउन नसक्नुले स्थानीय सरकारको कार्यक्षमता र प्रतिबद्धतामाथि गम्भीर प्रश्न उठाएको उनीहरूको भनाइ छ।

स्थानीयले सार्वजनिक सम्पत्तिमाथिको अतिक्रमण तत्काल हटाई सडक र नालालाई पूर्ववत् अवस्थामा सञ्चालन गर्न, सहमति उल्लंघन गर्ने पक्षमाथि कानुनी कारबाही गर्न तथा यस प्रकरणमा निष्पक्ष छानबिन गर्न माग गरेका छन्।

यद्यपि, समाचार तयार पार्दासम्म निर्माणधनी निरञ्जन चौधरी तथा वीरगंज महानगरपालिकाले यस विषयमा औपचारिक प्रतिक्रिया सार्वजनिक गरेका छैनन्।

# मधेशमा पत्रकार पुरस्कार, कल्याण कोष र मिडिया वर्गीकरण कार्यविधिमाथि छलफल




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका पत्रकारको सम्मान, पेशागत सुरक्षा तथा सञ्चारमाध्यमको व्यवस्थापनलाई व्यवस्थित बनाउन तयार पारिएका तीनवटा कार्यविधिको मस्यौदामाथि प्रदेशभरिका पत्रकारसँग छलफल गरिएको छ। मधेश प्रदेश मिडिया काउन्सिलले शुक्रबार धनुषाको मिथिला बिहारीस्थित कल्चरल भिलेजमा आयोजना गरेको कार्यक्रममा 'मिडिया काउन्सिल पत्रकारिता पुरस्कार कार्यविधि–२०८३', 'पत्रकार कल्याण कोष सञ्चालन कार्यविधि–२०८३' तथा 'आमसञ्चार माध्यमको श्रेणी विभाजन सम्बन्धी कार्यविधि–२०८३' को मस्यौदामाथि सुझाव संकलन गरिएको हो।

काउन्सिलका अनुसार पत्रकारिता पुरस्कार कार्यविधिअन्तर्गत मधेश प्रदेशमा क्रियाशील पत्रकारलाई चार विधामा सम्मान गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। त्यस्तै, दुर्घटना, बिरामी वा अन्य आपतकालीन अवस्थामा पत्रकारलाई आर्थिक सहयोग उपलब्ध गराउने उद्देश्यले पत्रकार कल्याण कोष स्थापना गर्ने तयारी गरिएको छ।

छलफलमा सहभागी अधिकांश पत्रकारले पुरस्कार र कल्याण कोषसम्बन्धी कार्यविधिको स्वागत गर्दै सामान्य संशोधनपछि तत्काल कार्यान्वयनमा लैजान सुझाव दिएका थिए। तर, आमसञ्चार माध्यमको श्रेणी विभाजनसम्बन्धी कार्यविधिमा थप परिमार्जन आवश्यक रहेको भन्दै त्यसबारे व्यापक छलफल गर्नुपर्ने धारणा व्यक्त गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले पत्रकारबाट प्राप्त सुझावलाई समेटेर कार्यविधिलाई परिमार्जनसहित कार्यान्वयनमा लैजान आग्रह गरे। उनले प्रदेश सरकार पत्रकारहरूको पेशागत विकास, सुरक्षा र हित संरक्षणका लागि आवश्यक सहयोग गर्न प्रतिबद्ध रहेको बताए। मिडिया काउन्सिलकी कार्यवाहक अध्यक्ष बन्दना झाले छलफलका क्रममा प्राप्त सुझाव समेटेर कार्यविधिलाई अन्तिम रूप दिई छिट्टै पारित गर्ने तयारी भइरहेको जानकारी दिइन्।

छलफलमा आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खडगा, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सचिव हदिस खुदार, केन्द्रीय सदस्यहरू राजेश कुमार कर्ण, राजु परियार लगायतले कार्यविधिका विभिन्न पक्षमा सुझाव राखेका थिए।

# बाबा गनिनाथ गोविन्दको मन्दिर प्राङ्गणमा वृक्षारोपण




**मधेशदृष्टि**
**वीरगंज।**
शैक्षिक सहिद मुकुन्द प्रसाद खनाल स्मृति प्रतिष्ठान, वीरगंजले शनिबार वृक्षारोपण गरेको छ। वीरगंज महानगरपालिका–१६ नगवा माईदिया पोखरी परिसरस्थित बाबा गनिनाथ गोबिन्द मन्दिरको प्राङ्गणमा विभिन्न प्रजातिका बिरुवा रोप्दै वातावरण संरक्षण, हरियाली प्रवद्र्धन तथा जलवायु परिवर्तनका असर न्यूनीकरणबारे नागरिकलाई सुसुचित गरिएको थियो।

प्रतिष्ठानकी अध्यक्ष मुना खनालले वातावरण संरक्षण केवल सरकारी निकायको दायित्व नभई प्रत्येक नागरिकको साझा जिम्मेवारी भएको बताउँदै वृक्षारोपण अभियानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरिन्। उनले रोपिएका बिरुवाको संरक्षण र नियमित हेरचाहमा पनि सबैको समान सहभागिता आवश्यक रहेको उल्लेख गरिन्।

नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाका सभापति बृजकिशोर पटेलले वृक्षारोपणलाई औपचारिकतामा सीमित नराखी बिरुवाको संरक्षणमा जोड दिनुपर्ने धारणा राख्नुभयो।

प्रतिष्ठानका वरिष्ठ सल्लाहकार प्रकाश कुमार उपाध्यायले बढ्दो वातावरणीय प्रदूषण र जलवायु परिवर्तनको चुनौती सामना गर्न वृक्षारोपण प्रभावकारी माध्यम भएको उल्लेख गर्दै यस्ता अभियानमा सबै क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहेको बताए। कार्यक्रमको सञ्चालन प्रतिष्ठानका सचिव लालबाबु सिंहले गरेका थिए भने संयोजन श्रवण रायमाझीले गरेका थिए।

# एम्बुलेन्स र उपमेयरको गाडी दुर्घटना, ८ जना घाइते



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको मिथिला नगरपालिका–९ बडहरीस्थित पूर्व–पश्चिम लोकमार्गमा एम्बुलेन्स र उपमेयर सवार सरकारी गाडी एकआपसमा ठोक्किँदा ८ जना घाइते भएका छन्। बडहरीबाट विराटनगरतर्फ बिरामी लिएर जाँदै गरेको ना.२ च २३२ नम्बरको एम्बुलेन्स र ढल्केवरबाट बर्दिबासतर्फ जाँदै गरेको प्रदेश २–०२–००१ झ ००८२ नम्बरको सरकारी गाडी आपसमा ठोक्किँदा दुर्घटना भएको प्रहरीले जनाएको छ। दुर्घटनामा एम्बुलेन्स चालकसहित एम्बुलेन्समा सवार ५ जना तथा सरकारी गाडीमा सवार ३ जना गरी कुल ८ जना घाइते भएका हुन्।

एम्बुलेन्समा सवार घाइतेहरूमा चालक मिथिला नगरपालिका–१ बस्ने ४९ वर्षीय दिपेन्द्र कुमार महतो, महोत्तरी गौशाला नगरपालिका–५ का ४५ वर्षीय बसन्त कुमार सिंह, सोही स्थानकी ४० वर्षीया रेणु कुमारी महतो, मिथिला नगरपालिका–९ की ६० वर्षीया राजु देवी र ६५ वर्षीय लक्ष्मी महतो रहेका छन्। राजु देवी पहिलेदेखि नै प्यारालाइसिस बिरामी हुन्।

त्यस्तै सरकारी गाडीमा सवार घाइतेहरूमा चालक धनुषाधाम नगरपालिका–८ का करिब ५० वर्षीय बद्री भुजेल, धनुषाधाम नगरपालिकाकी उपमेयर ६५ वर्षीया विद्दा भुजेल तथा सोही स्थानका ७० वर्षीय भीमराज भुजेल रहेका छन्।

घाइते सबैलाई उपचारका लागि धनुषास्थित जानकी मेडिकल कलेज, रमदैया पठाइएको र घाइतेहरूको अवस्था सामान्यदेखि मध्यम रहेको प्रहरीले जनाएको छ।

# महिलालाई कुटपिट गरेको आरोपमा दुईजना पक्राउ

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरी प्रहरीले बोक्सी आरोप लगाइ महिलालाई कुटपिट गरेको आरोपमा दुई परूषलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा डाक्नेश्वरी नगरपालिका वडानम्बर–१० बनौलाका ३८ वर्षीय जिवछ प्रसाद साह र ३२ वर्षीय अजय मण्डल रहेका छन्।

डाक्नेश्वरी नगरपालिका–१० का रेखा कुमारी मण्डललाई २०८३ वैशाख २९ गते प्रतिवादीहरुले बोक्सीको आरोप लगाई पिडितलाई अश्लील शब्दहरु प्रयोग थियो। साथै उनीहरूले विभिन्न हातहतियारहरुले कुटपिट गरी घाइते बनाएको आरोप लागेको छ।

उक्त घटना पश्चात फरार रहेका प्रतिवादीहरुलाई खोजतलास गर्ने क्रममा बनौलाबाटै पक्राउ गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक हेमराज घिमिरेका अनुसार रेखाकुमारी मण्डलको जाहेरीबाट इलाका प्रहरी कार्यालय कल्याणपुरमा मुद्दा दर्ता भइ सप्तरी जिल्ला अदालत राजविराजबाट पाँच दिनको म्याद थप गराइ अनुसन्धान भइरहेको छ।

# गाँजासहित भारतीय नागरिक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरी गाउँपालिका वडा नं. ३ स्थित बुद्धनगरबाट प्रहरीले गाँजा सहित एक जना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारत विहार, पश्चिम चम्पारण घर बताउने बर्ष २२ को रुपेश कुमार रहेका छन्।

इलाका प्रहरी कार्यालय ओडारबाट खटिगएको प्रहरी टोलीले शुक्रवार दिउँसो बुद्धनगरस्थित सडकबाट बी. आर. २२ आर. ७१६८ नम्बरको मोटरसाइकलमा भारततर्फ गइरहेका रुपेशलाई चेकजाँच गरेको थियो।

सो क्रममा उनको साथबाट प्लास्टिकमा बेरी लुकाई छिपाइ राखेको अवस्थमा ४ किलो ४५० ग्राम गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्ता प्रहरी नायव उरिक्षक राजु कार्कीले जानकारी दिए।

# एसईईमा उत्कृष्ट नतिजा ल्याउने ५६ जना विद्यार्थी सम्मानित

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन नेपाल (नेशनल प्याब्सन) नगर कार्य समिति पर्साले एसईई–२०८२ मा उत्कृष्ट नतिजा हासिल गरेका ५६ जना विद्यार्थीलाई सम्मान गरेको छ।

वीरगंजस्थित होटल भिस्वामा आयोजित 'S E E 2 0 8 2 Excellence Honor Award' कार्यक्रममा नेशनल प्याब्सनमा आबद्ध विभिन्न विद्यालयका उत्कृष्ट विद्यार्थीलाई खादा, टीका र सम्मानपत्र प्रदान गर्दै उनीहरूको शैक्षिक उपलब्धिको कदर गरिएको हो। नेशनल प्याब्सन पर्साका अध्यक्ष जियालाल गुप्ताको



अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका कार्यवाहक नगर प्रमुख इम्तियाज आलम प्रमुख अतिथिका रूपमा सहभागी थिए। कार्यक्रममा नेशनल प्याब्सनका संस्थापक सदस्य रामबिनय चौरसिया, सचिव सुशील भट्टराई, केन्द्रीय सदस्य अर्बिन्द सिंह, पर्सा हिसानका अध्यक्ष मुकेश गुप्ता, प्याब्सन नगर अध्यक्ष राहुल श्रीवास्तवलगायत विभिन्न विद्यालयका प्राचार्य, शिक्षक, अभिभावक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

## सम्पादकीय

# मधेश प्रदेश सरकारको खर्चमा प्रश्न
# जनताको बजेटमा नेताको रजगज

मधेश प्रदेश सरकारको बजेट खर्चको गतिविधि हेर्दा जनताको मनमा स्वाभाविक रूपमा प्रश्न उठ्नु अपरिहार्य भएको छ । सरकारले वर्षको शुरुमै जनताको आवश्यकतालाई मध्यनजर गर्दै बजेट बनाउने गरिन्छ, तर त्यसको कार्यान्वयनमा भने गम्भीर लापरवाही देखिन्छ। ठेकेदार र समितिको रुचिअनुरूप काम सुरु हुने, र जनताका आधारभूत आवश्यकताहरू बिर्सिने प्रवृत्ति देखिनु दुःखद पक्ष हो। यो केवल अर्थतन्त्रको कमजोरी मात्र नभई जनताप्रति गरिएको बदमासी हो।

बजेट बनाउँदा जनताका लागि भनिए पनि खर्चको बास्तविकता फरक हुनुले प्रशासनिक निष्कृयतामा प्रश्नचिह्न खडा गरेको छ। प्रायः बजेट खर्चको दबाब असार महिनातिर मात्र सुरु हुन्छ । त्यसबेला जति विकासको काम हुन्छ, त्यो पनि बजेट खर्च गर्नका लागि मात्र हुन्छ भन्ने प्रत्यक्ष देखिन्छ। गुणस्तरमा सम्झौता गरेर ठेकेदारले काम गर्ने, र कर्मचारीले पनि आँखा चिम्लिने परिपाटीले गर्दा विकास आयोजनाहरूको भौतिक प्रगति मात्र नभई जनताको मनमा सरकारप्रतिको विश्वास पनि घट्दै गएको छ।

यस्तो अनियमितताको मूल कारण नेताहरूको इच्छा र बजेट बनाउने प्रक्रियामा देखिन्छ । बजेट बनाउँदा जनताका लागि भनिए पनि, खर्च गर्दा नेताका आफ्नै समितिका सदस्य र रुचिका ठेकेदारलाई मात्र काम दिने चलन छ। यसले गर्दा योग्य ठेकेदारहरू पाखा लाग्छन् र जनताले पाउनुपर्ने गुणस्तरीय विकासबाट बञ्चित हुन्छन् । यो राजनीतिक इच्छाशक्तिको अभावमा मात्र सीमित छैन, यो त जनताको करको दुरुपयोग पनि हो।

सरकारको कर्मचारीतन्त्रले पनि बजेट खर्च गर्न नचाहने प्रवृत्ति देखाउँछ। असारमा खर्च हुने बेलासम्म ठेकेदार र कर्मचारीको अनियमितता चुलिन्छ। तर बजेट नबनेपछि वा बजेट खर्च गर्न नचाहने प्रवृत्ति देखिनुले गर्दा विकासका आयोजनाहरू अधुरा रहन्छन्। जनताले कर तिरेर बनाएको बजेट खर्च नहुनु, वा खर्च भए पनि गुणस्तरहीन हुनुले गर्दा जनताको जीवनस्तरमा कुनै सुधार हुँदैन। यो त जनताप्रति गरिएको ठूलो बदमासी हो।

अन्त्यमा, मधेश प्रदेश सरकारले बजेट खर्चको यो बेथितिलाई अवश्य नै सुधार गर्नुपर्छ। जनताले तिरेको करको सदुपयोग गर्न, गुणस्तरीय विकासका काम गर्न, र ठेकेदार र समितिको दलाली बन्द गर्न सरकार गम्भीर हुनुपर्छ। असार महिनाको भागदौडमा विकासको काम गर्न बन्द गरेर वर्षभरि नै गुणस्तरीय काम गर्न सुरु गर्नुपर्छ। यदि सरकारले यो जनताप्रतिको बदमासी बन्द गरेन भने, जनताले पनि सरकारप्रतिको विश्वास गुमाउनेछन् र यसको उत्तर सरकारले नै दिनुपर्नेछ।

# जनसांख्यिक लाभांश गुमाउँदै नेपाल

–डा उद्धव सिग्देल

जनसांख्यिक बनावटको हिसाबले नेपाल अहिले यस्तो विन्दुमा छ जहाँ अवसर र क्षय एकैपटक प्रकट भएका छन् । काम गर्ने उमेरको जनसङ्ख्या इतिहासकै उच्च विन्दुमा पुगेका बेला युवा पलायन पनि उत्कर्षमा छ। काम गर्ने उमेरको जनसङ्ख्याको बाहुल्यता अवसरको घेरो हो तर रोजगारी र गुणस्तरीय शिक्षाको अभावमा विदेश जानुपर्ने बाध्यता जनसांख्यिक लाभांशको क्षय हो।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा बिहानैदेखि लाइन लाग्छ । काँधमा नयाँ झोला, हातमा पासपोर्ट र अनुहारमा अनिश्चयको छाया बोकेका अधिकांश यात्रु २० देखि ३५ वर्ष उमेरका युवा हुन् । वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०८१÷८२ मा मात्र आठ लाख ३९ हजार २६६ जनाले वैदेशिक रोजगारका लागि श्रमस्वीकृति लिए। औसतमा दिनैपिच्छे करिब दुई हजार ३०० युवा अर्थात् हरेक मिनेटजसो एकभन्दा बढी विदेसिने गरेमा छन्। ठीक यहीबेला मुलुक आफ्नो इतिहासकै सबैभन्दा अनुकूल जनसांख्यिक अवस्थामा छ भन्ने तथ्य बहसको केन्द्रमा पर्न सकेको छैन । जनसंख्याशास्त्रीहरूले 'सुनौलो झ्याल' भन्ने गरेको यो जनसांख्यिक अवसर सधैँका लागि खुला रहँदैन। नेपालका निम्ति प्रश्न यति मात्र हो कि यो झ्याल बन्द हुनुअघि लाभ उठाउन सक्छौँ कि सक्दैनौँ?

**आधा शताब्दीको सङ्क्रमण**

जनसांख्यिक सङ्क्रमण भनेको उच्च जन्मदर र उच्च मृत्युदरबाट न्यून जन्मदर र न्यून मृत्युदरतर्फको यात्रा हो। युरोपले दुई सय वर्ष लगाएर पार गरेको यो यात्रा नेपालले करिब पाँच दशकमै पूरा गरेको छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका शृंखलाबद्ध तथ्याङ्क हेर्दा सन् १९९६ मा प्रतिमहिला ४.६ रहेको कुल प्रजनन् दर सन् २०२२ मा आइपुग्दा २.१ मा झरेको छ, जुन प्रतिस्थापन तह हो। अर्थात् अबका नेपाली आमाहरूले औसतमा जति बच्चा जन्माउँछन्, त्यसले जनसंख्यालाई बढाउँदैन, मात्र प्रतिस्थापन गर्छ।

गण्डकी प्रदेशको प्रजनन् दर १.४ मा झरिसकेको छ भने बागमतीको १.६ छ जुन विकसित युरोपेली मुलुकहरूकै हाराहारीमा पुगेको पाइन्छ । मृत्युका सूचकहरूमा सुधार अझ उल्लेखनीय छ। सन् १९९६ मा प्रतिहजार जीवित जन्ममा ७८ रहेको शिशु मृत्युदर २०२२ सम्ममा २८ मा झरेको छ भने स्वास्थ्य क्षेत्रमा आएको प्रगतिले पाँच वर्षमुनिको बाल मृत्युदर ११८ बाट ३३ मा पुगेको छ। यसको सोझो अर्थ हो कम बच्चा जन्मन्छन् र अधिकांश जन्मेका बच्चा बाँच्छन्, हुर्कन्छन् र श्रमशक्तिमा प्रवेश गर्छन्।

जन्म र मृत्युदरमा आएको गिरावटका पछाडि केही महत्वपूर्ण सामाजिक परिवर्तनका आधार छन् । परिवार नियोजनका साधनको प्रयोग विवाहित महिलामा ५७ प्रतिशत पुगेको छ । छोरीहरूको विद्यालय भर्ना छोराहरुकै हाराहारीमा छ र महिलाको औसत विवाह उमेर क्रमशः ढिला हुँदै गएको छ । उच्च शिक्षा र आयआर्जनमा संलग्न महिलाले सानो परिवार रोज्ने विश्वव्यापी प्रवृत्तिसँग नेपाल पनि सँगसँगै उस्तै गतिमा हिँडिरहेको छ।

सन् २००२ मा गर्भपतनलाई कानुनी मान्यता दिइएपछि प्रजनन् स्वास्थ्य सेवामा पहुँच फराकिलो भएको छ र वैदेशिक रोजगारका कारण दम्पती वर्षौं अलग बस्नुपर्ने बाध्यताले जन्मदर घट्नुमा महत्वपूर्ण भूमिका खेलेको तथ्यहरुले स्पष्ट पार्छन्। समग्रतामा स्वास्थ्य सेवामा पहुँच र महिला सशक्तीकरण नै जन्म र मृत्युदर न्यूनीकरणका मुख्य कारणको रुपमा लिइन्छ।

मुलुकको कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ पुगे पनि वार्षिक वृद्धिदर ०.९२ प्रतिशतमा खुम्चिएको छ, जुन विगत ८० वर्षयताकै न्यून हो । रामेछापलगायत ३४ वटा जिल्लाको जनसंख्या त ऋणात्मक दरले घटिरहेको छ । जनसंख्याको उमेर–संरचना युवामुखीबाट क्रमशः प्रौढमुखी हुँदै गइरहेको छ र यही परिवर्तनका बीचमा छ नेपालको ऐतिहासिक अवसर।

**इतिहासकै अनुकूल उमेर–संरचना**

राष्ट्रिय जनगणना २०७८ का अनुसार, कुल जनसङ्ख्याको ६२ प्रतिशत १५ देखि ५९ वर्षका काम गर्ने उमेर समूह जनसंख्या छ । जुन २०६८ सालमा ५७ प्रतिशत मात्र थियो । बालबालिका २७.८ प्रतिशत र वृद्धवृद्धा १०.२ प्रतिशत छन् । यसको अर्थ, इतिहासमै पहिलोपटक कमाउने उमेरका मानिस आश्रितभन्दा उल्लेख्य रूपमा बढी छन्। जनसंख्या अध्ययनमा यसैलाई जनसांख्यिक लाभांश (डेमोग्राफिक डिभिडेन्ड) भनिन्छ । यो लाभांशले अर्थतन्त्रलाई चार प्रमुख माध्यमबाट विकाश गर्न सकिन्छ। पहिलो, श्रमशक्तिको प्रचुर आपूर्तिले उत्पादन र सेवा क्षेत्र विस्तार हुन्छ। दोस्रो, आश्रित जनसङ्ख्या कम हुँदा परिवार र राष्ट्रकै बचत दर बढ्छ, जसले पूँजी निर्माणलाई टेवा दिन्छ। तेस्रो, थोरै बालबालिकामा प्रतिव्यक्ति शिक्षा–स्वास्थ्य लगानी बढाउन सकिन्छ, जसले अर्को पुस्ताको उत्पादकत्व वढाउछ। र चौथो, कमाउने जनसंख्याले आन्तरिक बजार, उद्यमशीलता र नवप्रवर्तनलाई गति दिन्छ।

दस वर्षअघि सयजना काम गर्ने उमेरका नेपालीले करिब ७६ जना आश्रित जनसंख्या पाल्नुपथ्र्यो आज त्यो भार घटेर ५३ जनाको हाराहारीमा झरेको छ। घट्दो आश्रित अनुपातको यही अन्तर नै त्यो 'बोनस' हो, जसलाई सही नीतिले पूँजीमा बदल्न सकिन्छ। जनसांख्यिक लाभांश स्वचालित होइन र ठीक ढङ्गले व्यवस्थापन गर्न सकिएन भने यो एउटा चेतावनी पनि हो । अनुकूल उमेर–संरचना केवल सम्भावना हो र त्यसलाई प्रतिफलमा बदल्न ती हातहरूलाई सीप, ती सीपलाई रोजगारी र ती रोजगारीलाई उत्पादकत्वसँग जोड्नैपर्छ।

बेरोजगार युवाको भीड लाभांश होइन, बरु जोखिम हो जसले अर्थतन्त्र होइन, असन्तोष मात्र बढाउँछ। यो कुनै सैद्धान्तिक बहस होइन । दक्षिण कोरिया, ताइवान र सिंगापुरले सन् १९७० र ८० को दशकमा ठीक यस्तै उमेर–संरचना पाएका थिए र त्यसलाई गुणस्तरीय शिक्षा, औद्योगिकीकरण र रोजगारी सिर्जनासँग जोडेर 'दक्षिण–पूर्वी एसियाली चमत्कार' रचेका थिए। अर्थशास्त्रीहरूका अनुसार ती मुलुकको तीव्र आर्थिक वृद्धिको झन्डै एक तिहाइ हिस्सा जनसाङ्ख्यिक लाभांशकै देन थियो । नेपालसँग आज त्यही सामथ्र्य छ। फरक यत्ति हो कोरियाले आफ्ना युवालाई कारखाना र प्रयोगशालामा खटायो, हामी विमानस्थलबाट बिदाई गरिरहेका छौँ।

जेट चढेर विदेशतिर जनसांख्यिक लाभांश

नेपालको जनसांख्यिक सार्मथ्यको सबैभन्दा ठूलो विडम्बना यहीँ छ। जुन उमेर समूहका कारण मुलुक अवसरको शिखरमा हुनु पर्ने हो, त्यही उमेर समूह मुलुकभित्र छैन। जनगणना २०७८ का अनुसार २१ लाख ९० हजार ५९२ नेपालीहरु परिवारमा अनुपस्थित भई अक्सर विदेशमा बसोबास गर्छन्। कुल जनसंख्याको साढे सात प्रतिशत हाराहारी अनुपस्थितको संख्या रहेको छ । यीमध्ये ८२.२ प्रतिशत पुरुष छन् र अधिकांश उत्पादनशील उमेरका छन्। हरेक साढे चार परिवारमध्ये एक परिवारको कोही न कोही सदस्य विदेशमा छन्। अन्तरराष्ट्रिय बसाँइसराइको प्रवाह रोकिने छाँट छैन, बरु बढिरहेको छ।

वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०८१÷८२ मा पाँच लाख पाँच हजार ९५७ जनाले नयाँ र तीन लाख ३३ हजार ३०९ जनाले पुनः श्रम स्वीकृति लिएका थिए भने विगत पाँच वर्षमै ३५ लाखभन्दा बढीले श्रम स्वीकृति लिइसकेका छन्। गन्तव्यमा युएई, साउदी अरब, कतार, कुवेत र मलेसिया अग्रस्थानमा छन् । यो सँगै शैक्षिक उन्नयनका नाममा अस्ट्रेलिया, जापान, क्यानडा र युरोपतर्फ बाहिरिने विद्यार्थीको लर्को छुट्टै छ । यसमध्ये ठूलो हिस्सा फर्कने सम्भावना कम छ। उता विदेसिने महिलाको संख्या पनि एक दशकमा ७१ प्रतिशतले बढेको जनगणनाले देखाउँछ।

अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण २०८२÷८३ का अनुसार चालु आवको फागुनसम्म नयाँ श्रम स्वीकृति लिनेको संख्या १३.७ प्रतिशतले घटेको छ, तर पुनःस्वीकृति लिनेको सङ्ख्या भने १५.९ प्रतिशतले बढेको छ।

यसको अर्थ आप्रवासनको प्रवाह रोकिएको होइन वरु एकपटक गएकाहरू फर्केर स्वदेशमा बस्ने वातावरण पाइरहेका छैनन्। फेरि उतै फर्किरहेका छन्। वैदेशिक रोजगार अब आपत्कालीन विकल्प रहेन, पुस्तान्तरित जीवन पद्धति बन्दै छ। यसको आर्थिक प्रतिफल भने अङ्कमा चम्किलो देखिन्छ।

नेपाल राष्ट्र बैंकका अनुसार आव २०८१/८२ मा रु १७ खर्ब २३ अर्ब विप्रेषण भित्रियो, जुन कुल गार्हस्थ्य उत्पादनको २८.६ प्रतिशत हो र हालसम्मकै उच्च अनुपात मानिन्छ। चालु आवको १० महिनामै १९ खर्ब रुपैयाँ नाघिसकेको यो आर्थिक प्रवाहले नेपाललाई विप्रेषण–जिडिपी अनुपातमा विश्वकै अग्रणी १० देशमा उभ्याएको छ। विप्रेषणले गरिबी घटाएको, विदेशी मुद्रा सञ्चिति बलियो बनाएको र लाखौँ घरपरिवारको भान्सा चलाएको यथार्थलाई नकार्न सकिँदैन तर विप्रेषण भनेको युवा श्रमको निर्यातवापत् प्राप्त मूल्य हो। हामीले मेसिन बेचेका छैनौँ, मान्छे पठाएका छौँ। खाडीको घाममा पसिना बगाएर आएको त्यो रकमको ठूलो हिस्सा उपभोग र आयातमै सकिन्छ । उत्पादनशील लगानीमा रूपान्तरण हुँदैन । अर्थतन्त्रले उत्पादन गर्न होइन, उपभोग गर्न सिकाइरहेको छ।

**देशमै उपयोग गर्न नसकिएको शक्ति**

युवा किन विदेश जान्छन् भन्ने प्रश्नको उत्तर सजिलो छ । यहाँ काम छैन, भए पनि मर्यादित छैन । श्रम बजारमा हरेक वर्ष लाखौँ युवा थपिन्छन्, तर तिनलाई खपत गर्ने गरी औपचारिक रोजगारी सिर्जना हुन सकेको छैन। जनगणना २०७८ कै तथ्याङ्कले १० वर्षमाथिका ३७.५ प्रतिशत नेपालीले गणनाअघिको एक वर्षमा कुनै आर्थिक काम नगरेको देखाउँछ । जसले काम पाएका छन्, तिनको ठूलो हिस्सा न्यून उत्पादकत्वको अनौपचारिक क्षेत्रमा अल्झिएको छ। समस्या रोजगारीको संख्यामा मात्र होइन, गुणस्तर र तालमेलमा पनि छ।

विश्वविद्यालयले वर्षेनि हजारौँ स्नातक उत्पादन गर्छ, तर श्रम बजारले खोजेको सीप ती प्रमाणपत्रमा हुँदैन। कृषि आधुनिकीकरण हुन सकेको छैन र औद्योगिक क्षेत्रको योगदान खुम्चिँदो छ। दक्ष जनशक्ति जस्तै चिकित्सक, नर्स, इन्जिनीयर, सूचना प्रविधिविज्ञको पलायनले त सेवा प्रवाह र नवप्रवर्तन क्षमतामै नराम्रोसँग असर पु¥याएको छ। गाउँघरमा यसको सामाजिक पक्ष अझ कारुणिक छ जस्तैः बाँझा गरा, बुढाबुढी र बालबालिका मात्र भएका बस्ती, वर्षौं पर्खाइमा बित्ने दाम्पत्य र बाकसमा फर्किने छोराछोरीहरू।

पलायनको मूल्य पैसाले नाप्न नसकिने गरि पनि तिरिँदैछ। वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाउने र अङ्गभङ्ग हुने कामदारका तथ्याङ्क हरेक वर्ष वैदेशिक रोजगार बोर्डका प्रतिवेदनमा थपिँदै जान्छन्। एकल अभिभावकत्वको भारले किचिएका आमाहरू, बाबुको अनुहार तस्बिरमा मात्र चिन्ने बालबालिका र सामाजिक बिग्रहका अनेक रूप यी विप्रेषणको अङ्कमा कहीँ लेखिँदैनन्। जुन गाउँका युवा खाडी गए, त्यही गाउँका पाखा बाँझा भए, खाद्यान्नमा आत्मनिर्भर जिल्लाहरू चामल किन्ने भए । श्रमशक्तिको यो रिक्तताले कृषिको उत्पादन लागत बढाएको छ र त्यसले फेरि आयातलाई नै मलजल गरेको छ।

अर्थशास्त्रमा यसलाई 'डच रोग' को लक्षणसँग तुलना गरिन्छ । बाहिरबाट आउने सजिलो पैसाले भित्रको उत्पादन क्षमतालाई निमोठ्दै लैजाने अवस्था देखिन्छ। विप्रेषणले चलेको उपभोगमुखी अर्थतन्त्रले आयात बढाउँछ, आयातले व्यापार घाटा, र त्यो घाटा टार्न फेरि थप युवा पठाउनुपर्ने बाध्यता । यो दुश्चक्रबाट मुलुक बाहिर निस्कन सकेको छैन । जनसाङ्ख्यिक लाभांशको दृष्टिले हेर्दा यो अवस्था अवसरको सोझो क्षय हो। हामीले आफ्नो सबैभन्दा मूल्यवान् स्रोत अरूका अर्थतन्त्र निर्माणमा लगाइरहेका छौँ र बदलामा ज्याला भित्र्याइरहेका छौँ।

दोस्रो सङ्क्रमणको सङ्घारमा नेपाल

जनसांख्यिकी आयमको अझ गम्भीर पाटो अगाडि देखिन्छ। प्रतिस्थापन तहमा झरेको प्रजनन दर, ढिलो हुँदै गएको विवाह, सानो परिवारको रोजाइ, २७ प्रतिशत नाघेको सहरी बसोबास र फेरिँदो जीवनशैली आदिलाई जनसंख्याशास्त्रीहरू 'दोस्रो जनसाङ्ख्यिक सङ्क्रमण' का लक्षण मान्छन्। जहाँ प्रजनन दर प्रतिस्थापन तहभन्दा तल झरेर लामो समय उठ्दैन। युरोप, जापान र दक्षिण कोरिया यही बाटो हिँडेर आज श्रमशक्ति अभाव र वृद्ध हेरचाहको सङ्कटसँग जुधिरहेका छन्।

जापानले वृद्ध हेरचाहमा रोबोट भित्र्याउनुपरेको छ भने कोरियाले जन्मदर उकास्न खबौँ खर्चेर पनि सफलता पाएको छैन। फरक के भने, ती मुलुक धनी भइसकेपछि बुढा भए । तिनीहरूसँग वृद्ध समाज धान्ने पुँजी, प्रविधि र संस्थागत क्षमता छ। नेपाल भने धनी हुनुअघि नै बुढो हुने जोखिममा छ, जसलाई विकास–अर्थशास्त्रीहरू सबैभन्दा प्रतिकूल जनसांख्यिक नियति मान्छन्।

राष्ट्रिय तथ्याङ्क कार्यालय र संयुक्त राष्ट्रसङ्घीय निकायहरूका जनसंख्या प्रक्षेपणले नेपालको जनसांख्यिक अवसरको झ्याल सन् २०४७ को हाराहारीसम्ममा क्रमशः बन्द हुँदै जाने देखाएका छन्। अर्थात्, हामीसँग बढीमा दुई दशक जति मात्र छ। त्यसपछि ६० वर्षमाथिको जनसंख्याको अनुपात, जुन अहिले नै १०.२१ प्रतिशत पुगिसकेको छ, तीव्र गतिले बढ्नेछ। स्वास्थ्य सेवा, हेरचाह अर्थतन्त्र र सामाजिक सुरक्षा भत्तामा राज्यको दायित्व चुलिँदै जानेछ, तर त्यो दायित्व धान्ने करदाता युवा या त विदेशमा हुनेछन्, या जन्मिएकै हुने छैनन् । न्यून प्रजनन र निरन्तर पलायन सँगसँगैले भोलि नेपाल आफैँले श्रमिक आयात गर्नुपर्ने अवस्था नआउला भन्न सकिन्न र केही क्षेत्रमा त्यसका सङ्केत अहिल्यै देखिन थालेका छन्।

यो परिदृश्य टार्न सकिन्छ, तर नीतिगत साहस चाहिन्छ। पहिलो, शिक्षालाई सीप र बजारसँग जोड्ने आमूल सुधार चाहिन्छ, ताकि स्नातकको प्रमाणपत्र विदेश जाने हतियार मात्र नबनोस्। प्राविधिक तथा व्यावसायिक शिक्षालाई हेपिएको विकल्पबाट प्रतिष्ठित मूलधार बनाउन प्रदेश र स्थानीय तहसम्मै लगानी विस्तार गर्नुपर्छ । दोस्रो, नीतिगत स्थिरता, सरल प्रशासनिक प्रक्रिया र पूर्वाधारको सुनिश्चितसहित स्वदेशमै मर्यादित रोजगारी सिर्जना गर्न ऊर्जा, पर्यटन, कृषि प्रशोधन र सूचना प्रविधिजस्ता तुलनात्मक लाभका क्षेत्रमा लगानीमैत्री वातावरण बनाउनुपर्छ।

जलविद्युत्मा भइरहेको प्रगति र सूचना प्रविधि सेवा निर्यातको बढ्दो आकारले यो असम्भव छैन भन्ने देखाइसकेका छन् । तेस्रो, फर्केका आप्रवासी कामदारको सीप, पूँजी र अनुभवलाई उद्यमशीलतामा रूपान्तरण गर्ने पुनःएकीकरण नीति कागजबाट कार्यान्वयनमा झार्नुपर्छ । विप्रेषणलाई उपभोगबाट उत्पादनशील लगानीतर्फ डो¥याउन आकर्षक वित्तीय उपकरण जस्तो डायस्पोरा बन्ड, विप्रेषण–आबद्ध सेयर योजना अघि सार्नुपर्छ । र चौथो, भोलिको बुढ्यौली समाजका लागि योगदानमा आधारित दिगो सामाजिक सुरक्षा र हेरचाह प्रणालीको जग अहिल्यै बसाल्नुपर्छ किनभने वृद्धभत्ताको वर्तमान ढाँचा मात्रले त्यो भार धान्न सकिँदैन।

**अन्तिम मौका**

तथ्याङ्कहरू आफैं बोलिरहेका छन् । काम गर्ने उमेरको जनसंख्या ६२ प्रतिशत पुगेको, प्रजनन् दर प्रतिस्थापन तहमा झरेको र वृद्धिदर ८० वर्षयताकै न्यून रहेको मुलुकसँग जनसांख्यिक अवसरको यो आकार फेरि कहिल्यै आउने छैन। इतिहासले कुनै पनि राष्ट्रलाई यस्तो जनसांख्यिक लाभको झ्याल एकपटक मात्र दिन्छ। दक्षिणपूर्वी एसियाले त्यसलाई समृद्धिको अवसरमा परिणत ग¥यो । ल्याटिन अमेरिकाका कतिपय मुलुकले गुमाएर पछुताइरहेका छन्। नेपाल अहिले ठीक त्यही दोबाटोमा उभिएको छ। यहाँनेर नीति–निर्माताले बुझ्नैपर्ने कुरा के हो भने जनसांख्यिक नीति भनेको जनसंख्या मन्त्रालयको फाइलमा सीमित हुने विषय होइन। यो शिक्षा, श्रम, उद्योग, अर्थ र सामाजिक सुरक्षा सबैलाई एकसूत्रमा बाँध्ने राष्ट्रिय रणनीतिको विषय हो।

पन्ध्रौँ र सोह्रौँ योजनादेखि सरकारका नीति तथा कार्यक्रमसम्म 'जनसांख्यिक लाभांश' शब्द दोहोरिँदै आएको छ, तर त्यसलाई कार्यान्वयनमा उतार्ने मापनयोग्य लक्ष्य, जिम्मेवार निकाय र जवाफदेहिताको संयन्त्र अझै बनेको छैन । शब्द नीतिमा छ, सङ्कल्प बजेटमा छैन। रोज्ने हामीले नै हो । कि त आगामी दुई दशकलाई राष्ट्रिय सङ्कल्पका साथ शिक्षा, रोजगारी र लगानीको दशक बनाएर आजको युवा शक्तिलाई समृद्धिको इन्जिनमा बदल्ने, कि त विमानस्थलको प्रस्थान कक्षको लाइन हेर्दै विप्रेषणको अङ्क गन्ने। पहिलो बाटो कठिन छ, तर सम्भव छ। दोस्रो बाटो सजिलो छ, तर त्यसको अन्त्यमा एउटा यस्तो नेपाल पर्खिरहेको छ जुन धनी हुनुअघि नै बूढो भइसकेको हुनेछ। सुनौलो झ्याल अझै खुलै छ तर घाम ढल्कन थालिसकेको छ। रासस

## गण्डकीमा गाँजाखेती र घरेलु मदिरा वैध:
# कानुन कार्यान्वयनको पर्खाइ

राम थापा/रासस

घरेलु मदिरासम्बन्धी ऐन बनेको झण्डै एक वर्षपछि गण्डकी प्रदेशसभाबाट गाँजाखेतीलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक बिहीबार पारित भएको छ । यससँगै गण्डकी प्रदेशमा औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेती गर्ने कानुनी बाटो खुलेको छ। घरेलु मदिरालाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक गतवर्ष साउनमा प्रदेशसभाबाट पारित भएकामा सोसम्बन्धी नियमावली मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृतिको प्रक्रियामा छ।

यी दुवै विधेयक लामो समयदेखि बहसमा रहँदै आएका थिए। प्रदेश सरकारले महत्वका साथ घोषणा गरेका तर संशयका साथ हेरिएको गाँजाखेती र घरेलु मदिराले अन्ततः गण्डकी प्रदेशमा कानुनी मान्यता पाएको हो । कानुन बने पनि तिनको कार्यान्वयन कसरी हुन्छ भन्ने जनचासोको विषय बनेको छ।

प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयका उपसचिव टीकाराम पौडेलले घरेलु मदिरासम्बन्धी ऐनको नियमावली मन्त्रिपरिषद्मा पुगेको बताए । 'मन्त्रिपरिषद्को आगामी बैठकबाट नियमावली स्वीकृत हुन्छ, त्यसपछि कानुन कार्यान्वयनका लागि थप सहज अवस्था बन्छ,' उनले भने, 'ऐनले परिकल्पना गरेका प्रावधान र केही संरचनागत व्यवस्था गर्नुपर्ने छ, नियमनको पाटोलाई ऐनले बढी जोड दिएको छ।'

गाँजाखेतीसम्बन्धी विधेयकको नियमावली निर्माण यथाशीघ्र सुरु हुने उपसचिव पौडेलले बताए। दुवै विधेयक उद्योग तथा पर्यटन, स्वास्थ्य मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित छन्। प्रदेश सरकारले विगत केही वर्षदेखि आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत गाँजाखेती र घरेलु मदिरालाई कानुनी मान्यता दिने घोषणा गर्दै आएको थियो।

प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले ऐन बनेकाले अब नियमावली र कार्यविधि बनाएर यससम्बन्धी कानुन कार्यान्वयनलाई अगाडि बढाइने बताए । 'गाँजाखेती र घरेलु मदिरालाई ब्राण्डिङ र बजारीकरण गर्न सकियो भने प्रदेश सरकारले ठूलो राजस्व प्राप्त गर्छ, सँगसँगै प्रदेशभित्र आर्थिक गतिविधि बढ्छ, रोजगारी सिर्जना हुन्छ,' उनले भने।

मन्त्री शेरचनले सङ्घीय कानुनसँग बाझिने अवस्था भएमा सङ्घ सरकारले नै यससम्बन्धी कानुन बनाएर सहजीकरण गर्नुपर्ने बताए। सम्बन्धित क्षेत्रका विज्ञलगायत सरोकार भएका पक्षहरुबीच पटकपटक छलफल तथा परामर्श गरी कानुन निर्माण गरिएको उनले उल्लेख गरे। सेवनका लागि नभई गाँजाको औद्योगिक र औषधिजन्य उत्पादनलाई मात्र वैधता दिने गरी प्रदेश सरकारले कानुन ल्याएको उनले जानकारी दिए।

लागुऔषधसम्बन्धी सङ्घीय ऐन र अन्य प्रचलित कानुनसँग नबाझिने गरी कानुन निर्माण गरिएको प्रदेश सरकारको दाबी छ। गाँजाखेतीसम्बन्धी विधेयकमा कडा प्रावधान राखिएको जनाइएको छ। प्रदेश सरकारबाट इजाजत लिएर मात्र गाँजाखेती गर्न पाइने प्रावधान राखिएको छ । प्रतिव्यक्ति निवेदन दस्तुरको पाँच हजार रुपैयाँदेखि खरिद बिक्रीसँगै आयात निर्यातका लागि एक करोड ५० लाख रुपैयाँसम्म तिरेर अनुमति लिनुपर्ने व्यवस्था विधेयकमा गरिएको छ।

अनुमतिविना गाँजाखेती, ओसारपसार र बिक्री वितरणमा पूर्ण प्रतिबन्ध लगाइएको छ । गाँजाजन्य पदार्थको विज्ञापन गर्न नपाइने तर रेशाबाट बनेका कपडा, तेल, महल जस्ता औद्योगिक उत्पादनको भने विज्ञापन गर्न पाइने व्यवस्था गरिएको छ। गाँजाखेती व्यवस्थापन र नियमनका लागि छुट्टै संयन्त्र निर्माण हुनेछ । विधेयकमा सरकारले तोकेको क्षेत्रमा गाँजाखेती गर्न पाइने प्रावधान छ । गाँजाको बोटमा पाइने नशालु पदार्थ 'टिएचसी' को मात्रा शून्य दशमलव तीन प्रतिशतभन्दा कम हुनुपर्ने व्यवस्था छ।

गाँजाखेती गर्न चाहने व्यक्ति वा संस्थाले अनिवार्य रूपमा अनुमति लिनुपर्ने व्यवस्था गरिएको मन्त्री शेरचनले जानकारी दिए। उनका अनुसार गाँजाको बोट कटान र बिक्री गर्नुअघि त्यसको रासायनिक परीक्षण गर्नुपर्ने व्यवस्था विधेयकमा छ।

प्रदेश सरकारले गत कात्तिकमा यो विधेयक प्रदेशसभामा दर्ता गराएको थियो। अर्थ तथा विकास समितिमा यो विधेयकमाथि ११ वटा बैठकमा छलफल भएको थियो । गाँजाको व्यावसायिक खेती गर्न सरकारसँग पूर्वसहमति, तयारी उत्पादन किन्ने उद्योगको सहमतिसहित अनुगमनका कडा प्रावधानहरू राखिएका छन्।

अनुमति नलिई गाँजाखेती गरेमा, नियमविपरीत बिक्री, वितरण गरेमा, अनुमतिपत्रमा भएको जग्गा र क्षेत्रफलभन्दा पृथक ठाउँमा खेती गरेमा लागुऔषधसम्बन्धी प्रचलित कानुन बमोजिम कारबाही गर्ने विधेयकमा व्यवस्था छ। खेतीको अभिलेख नराखेमा, सिलबन्दी नगरी ओसारपोसार गरेमा, ऐनले तोकभन्दा फरक काम गरेमा रु ५० हजारदेखि रु पाँच लाखसम्म जरिवाना हुने व्यवस्था ऐनमा छ। लुकीछिपी उत्पादन र बिक्री वितरण भइरहेको घरेलु मदिरालाई पनि नियमन तथा व्यवस्थापन गर्न कानुन निर्माण गरिएको प्रदेश सरकारले जनाएको छ। घरेलु मदिराको 'ब्राण्डिङ' र बजारीकरणका लागि कानुनी प्रबन्ध गरिएको हो । मापदण्ड र गुणस्तर तय गरेर घरेलु मदिराको व्यावसायिक उत्पादनलाई खुला गर्न लागिएको हो । परम्परागत रूपमा घरघरमा बनाइँदै आएको मदिरालाई एकसाथ वैध घोषणा गर्दा गुणस्तर सुनिश्चितताको समस्या आउन सक्ने हुँदा व्यावसायिक उत्पादनलाई मात्र कानुनी दायरामा ल्याउन लागिएको उद्योग तथा पर्यटन मन्त्रालयले जनाएको छ । वैज्ञानिक विधिबाट गुणस्तरीय घरेलु मदिरा उत्पादन र बजारीकरण गर्न सके राज्यलाई ठूलो आर्थिक लाभ मिल्ने विश्वास गरिएको छ।

केही वर्षअघि गण्डकी विश्वविद्यालयले गरेको घरेलु मदिरा बनाउन प्रयोग हुने मर्चाको गुणस्तर निर्धारण अनुसन्धान सफल भएको थियो। प्रदेशका ११ वटै जिल्लाबाट रक्सी बनाउने विधिको अध्ययनसहित मर्चा सङ्कलन गरेर रासायनिक विश्लेषण गरिएको थियो। मर्चाको मापदण्ड र गुणस्तर कायम गरेर घरेलु मदिरालाई सुरक्षित बनाउन सकिने आधार अनुसन्धानबाट देखिएपछि प्रदेश सरकारले घरेलु मदिरालाई कानुन निर्माणको प्रक्रिया अगाडि बढाएको थियो। ऐनमा घरेलु मदिरा उत्पादनका लागि प्रदेश सरकारबाट इजाजतपत्र लिनुपर्ने व्यवस्था गरिएको छ।

व्यक्ति, फार्म वा कम्पनीले उद्योग दर्ता नगराई घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ, लेबलिङ तथा बिक्री वितरण गर्न मनाउने व्यवस्था गरिएको मन्त्री शेरचनले उल्लेख गरे। उनका अनुसार धर्म, परम्परा, घरायसी प्रयोजन तथा निजी उपयोगका लागि वार्षिक ५० लिटरसम्म उत्पादन गर्न इजाजतपत्र लिनु नपर्ने व्यवस्था ऐनमा छ । उद्योग दर्ता गराउन स्थानीय तहको सहमति, स्थान, आवश्यक पर्ने भाडा, उपकरण, अन्न तथा फलफूल जस्ता कच्चापदार्थको आपूर्ति गर्ने क्षेत्र उल्लेख गर्नुपर्ने ऐनमा व्यवस्था छ।

घरेलु मदिरालाई गण्डकी प्रदेशभित्रका कृषि सहकारीले दर्ता गर्न सक्नेछन् । मदिरामा अन्य मिसावट गर्न नपाइने स्पष्ट व्यवस्था विधेयकले गरेको छ । कोदो, फापर, उवा, जौ, गहुँ, मकै, स्याउ, सुन्तला, खुर्पानी, मौवा, अम्बा, लिची, ऐसेलु, चुत्रो, डिम्बरलगायत अन्न र फलफूलबाट मदिरा बनाउन सक्ने व्यवस्था गरिएको मन्त्री शेरचनले जानकारी दिए।

जनजाति समुदायमा सामाजिक संस्कारमा प्रयोग हुँदै आएको घरेलु मदिरालाई कानुनी दायरामा ल्याएर प्रदेश सरकारले संस्कृति र परम्पराकोसमेत सम्मान गरेको प्रदेशसभा सदस्य दीपेन्द्रबहादुर थापाले बताए । दुवै ऐन कार्यान्वयनमा ल्याई गाँजाखेती र घरेलु मदिरालाई व्यावसायिक बनाउन सकिएमा आर्थिक रूपमा प्रदेश सरकार र नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने उनको भनाइ छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# गण्डकीमा पूर्वाधार विकासले गति लिएको छः मुख्यमन्त्री पाण्डे



**गोरखा ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशमा पूर्वाधार विकासका आयोजना निर्धारित समयमै सम्पन्न हुन थालेको भन्दै विकास निर्माणका कामले गति लिएको बताए । गोरखाको शहीद लखन गाउँपालिका–१ र गोरखा नगरपालिका–१२ जोड्ने लुदीखोला मोटरेबल पुलको शनिबार उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले समयमै आयोजना सम्पन्न हुनु सुशासनको महत्वपूर्ण आधार भएको उल्लेख गरे ।

उनले गोरखाको रणनीतिक ग्रामीण सडकअन्तर्गत पर्ने स्याउली बजार–भट्टफाँट–मनकामना सडकखण्डमा निर्माण गरिएको पुल आठ महिनामै सम्पन्न हुनु सकारात्मक उदाहरण भएको बताए । 'विकास निर्माणका आयोजना वर्षौंसम्म अलपत्र पर्ने परिपाटीका बीच निर्धारित समयभन्दा अघि काम सम्पन्न हुनु निर्माण व्यवसायी, पूर्वाधार विकास कार्यालय, प्राविधिक टोली तथा सबै सरोकारवालाको प्रतिबद्धता, समन्वय र कार्यक्षमताको उत्कृष्ट उदाहरण हो,' मुख्यमन्त्री पाण्डेले भने । उनले प्रदेश सरकार सुशासन र विकासप्रति प्रतिबद्ध रहेको पनि दोहो¥याए ।

पूर्वाधार विकास कार्यालय गोरखाले विसं २०८२ असारमा गणेशकुण्ड इन्फ्रास्ट्रक्चर एण्ड बिल्डर्स प्रालिसँग ७ करोड ५१ लाख ३० हजार ८५९ रुपैयाँमा पुल निर्माणको ठेक्का सम्झौता गरेको थियो । त्यसपछि असोजदेखि निर्माण सुरु भएको पुल निर्माण कम्पनीले तोकिएको समयभन्दा १२ महिना अगावै सम्पन्न गरेको हो । ६० मिटर लम्बाइको उक्त मोटरेबल पुल सञ्चालनमा आएपछि गोरखा नगरपालिका र शहीद लखन गाउँपालिकाका बासिन्दाको आवतजावत सहज भएको छ ।

स्थानीयका अनुसार पुल निर्माणअघि हिउँदमा मात्रै सवारी सञ्चालन हुने उक्त सडकखण्डमा अब वर्षभरि नै निर्बाध रूपमा सवारी सञ्चालन हुने भएको छ ।रासस

# बजारमा कृत्रिम अभाव सृजना गरेको देखिए तत्काल खबर गर्न अनुरोध



**चितवन ।**
कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले कृषि क्षेत्रमा कालोबजारी, कृत्रिम अभाव सृजना गर्ने, कृषि सामग्री लुकाउने वा कृत्रिम रूपमा मूल्यवृद्धि गर्ने गतिविधि देखिए तत्काल मन्त्रालयको हटलाइन नम्बरमा सम्पर्क गर्न किसान, उपभोक्ता तथा सर्वसाधारणलाई अनुरोध गरेकी छन् ।

शनिबार जिल्लाका विभिन्न स्थानमा पुगी कृषि क्षेत्रको छड्के अनुगमन तथा किसानहरूसँग विद्यमान समस्या र समाधानका उपायबारे संवाद गर्दै उनले बजारमा कालोबजारी तथा कृत्रिम अभाव सृजना गर्ने, कृषि सामग्री लुकाउने तथा कृत्रिम रूपमा मूल्यवृद्धि गर्ने जस्ता गतिविधि भएमा तत्काल जानकारी गराउन सरोकार भएका सबैलाई आग्रह गरिन् ।

उनले मन्त्रालयमा यस्ता उजुरी प्राप्त हुनासाथ सम्बन्धित निकाय परिचालन गरी तत्काल अनुगमन गरिने र दोषी ठहरिएका व्यक्ति वा व्यवसायीमाथि कानुनबमोजिम कडा कारबाही गरिने प्रतिबद्धता व्यक्त गरिन् । किसानको हितविपरीत हुने कुनै पनि गतिविधिप्रति सरकार शून्य सहनशीलताको नीतिमा रहेको उनको भनाइ छ ।

बाली लगाउने मुख्य समयमा किसानले सहज रूपमा मल, बीउ, विषादी तथा अन्य कृषि सामग्री पाएका छन् वा छैनन्, बजारमा कालोबजारी, कृत्रिम अभाव तथा कृत्रिम मूल्यवृद्धि भए÷नभएको अवस्थाबारे स्थलगत रूपमा मन्त्री चौधरीले जानकारी लिएकी हुन् । उनले चितवनका विभिन्न पालिका तथा खेतबारीमा पुगेर किसानसँग प्रत्यक्ष भेटघाट तथा संवाद गरेकी हुन् ।

मन्त्री चौधरीले रोपाइँलगायत मौसमी बालीको अवस्था, मल–बीउको उपलब्धता, उत्पादन लागत, सिँचाइ, बजार व्यवस्थापन तथा किसानले भोगिरहेका समस्याबारे जानकारी लिइन् । किसानका गुनासा र सुझाव सुनेपछि सम्बन्धित सरकारी निकायका अधिकारीहरूसँग टेलिफोनमार्फत समन्वय गर्दै देखिएका समस्या तत्काल समाधान गर्न निर्देशन दिइन् ।

मन्त्री चौधरीले कृषि उत्पादन बढाउन किसानलाई समयमै आवश्यक कृषि सामग्री उपलब्ध गराउने, कालोबजारी नियन्त्रण गर्ने र कृषि क्षेत्रका समस्या समाधान गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताइन् ।रासस

# तीन महिनाभित्र वधशाला ऐन लागू गर्न निर्देशन



**काठमाडौँ ।**
कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले तीन महिनाभित्र पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन गर्न निर्देशन दिएकी छन् । शुक्रबार काठमाडौँ उपत्यकाका स्थानीय तहका प्रमुख तथा प्रतिनिधिसँग छलफलका क्रममा उहाँले प्रक्रिया सुरु गरेर प्रभावकारी रुपमा ऐन कार्यान्वयनका लागि निर्देशन दिएकी हुन् ।

मन्त्री चौधरीले उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित विषय भएकाले स्वच्छ, गुणस्तरीय र परीक्षण गरिएको मासु उपभोग गर्ने नागरिकको अधिकार सुनिश्चित गर्न ऐन कार्यान्वयन अपरिहार्य रहेको बताइन् । उनले सर्वोच्च अदालतले समेत ऐन कार्यान्वयनका लागि परमादेश जारी गरिसकेको उल्लेख गर्दै सङ्घ, प्रदेश र स्थानीय सरकार सबैले आ–आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्नेमा जोड दिइन् । स्थानीय तह नागरिकसँग प्रत्यक्ष जोडिएको निकाय भएकाले वधशाला व्यवस्थापन, मासु पसलको अनुगमन, मासु परीक्षण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालनमा नेतृत्वदायी भूमिका खेल्नुपर्ने उनको भनाइ थियो ।

मन्त्री चौधरीले पशु ढुवानी, वध प्रक्रिया र मासु वितरण प्रणालीलाई समेत व्यवस्थित तथा नियमन गर्नुपर्ने आवश्यकता औँल्याउँदै धार्मिक तथा सांस्कृतिक परम्परालाई सम्मान गर्ने गरी ऐनमा आवश्यक लचकता राखिएको जानकारी दिइन् । मन्त्रालयले ऐन कार्यान्वयनका लागि आवश्यक सहजीकरण, समन्वय र प्राविधिक सहयोग उपलब्ध गराउने प्रतिबद्धता पनि व्यक्त गरेको छ ।रासस

# ट्रमा सेवा विस्तार र दुर्घटना उपचार सहज बनाउने प्रदेश सरकारको प्रतिबद्धता

**काठमाडौं ।**
बागमती प्रदेश सरकारले सवारी दुर्घटनापछि घाइतेको उपचारलाई सहज बनाउन सरकारी अस्पतालमा ट्रमा सेवा विस्तार गर्ने, ट्रमा सेन्टरको क्षमता अभिवृद्धि गर्ने तथा आवश्यक कानूनी र नीतिगत व्यवस्था मिलाउने प्रतिबद्धता जनाएको छ ।

नेपाल यातायात व्यावसायिक राष्ट्रिय महासंघका केन्द्रीय अध्यक्ष सरोज सिटौलाको नेतृत्वमा गएको प्रतिनिधिमण्डलसँग आज भएको छलफलमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सार्वजनिक यातायात क्षेत्रमा देखिएका समस्याको दीर्घकालीन समाधानका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताएको महासंघले जनाएको छ ।



मुख्यमन्त्री बानियाँले दुर्घटनामा मृत्यु हुनेका परिवारलाई उचित क्षतिपूर्ति सुनिश्चित गर्ने, घाइतेको उपचारलाई सहज बनाउने तथा सम्बन्धित निकाय र यातायात व्यवसायीसँग समन्वय गरी आवश्यक सुधार अघि बढाइने विश्वास व्यक्त गरे । उनले दुर्घटनापछि घाइतेको प्राथमिक उपचार सरकारी अस्पतालमै सुनिश्चित गर्ने दिशामा आवश्यक कानूनी तथा नीतिगत पहल गरिने पनि बताए । भेटका क्रममा महासंघले विशेषगरी काठमाडौं उपत्यकामा बढ्दो ट्राफिक जाम, दुर्घटनापछिको क्षतिपूर्ति वितरण प्रक्रिया तथा घाइतेको उपचारसँग सम्बन्धित समस्या समाधानका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराएको थियो । महासंघका अध्यक्ष सिटौलाले हालको बीमा व्यवस्थाअनुसार घाइतेको उपचार खर्च अधिकतम तीन लाख रुपैयाँसम्म मात्र उपलब्ध हुने भएकाले महँगा निजी अस्पतालमा उपचार गराउँदा व्यवसायी र पीडित दुवै आर्थिक रूपमा समस्यामा पर्ने गरेको बताए ।

उनले ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने, दुर्घटनापछिको उपचार प्रणाली सुधार गर्ने र क्षतिपूर्ति वितरण प्रक्रियालाई व्यावहारिक तथा समयानुकूल बनाउन प्रदेश सरकारले आवश्यक समन्वय गर्नुपर्नेमा जोड दिए । सिटौलाले सार्वजनिक यातायातलाई प्रविधिमैत्री बनाउन जीपीएस प्रणाली जडान, अनलाइन टिकटिङ, सीसी क्यामेरा जडान तथा यात्रुले तोकिएको स्थानबाट अनिवार्य रूपमा टिकट लिएर मात्र यात्रा गर्ने व्यवस्था कार्यान्वयनका लागि आवश्यक कानूनी तथा नीतिगत वातावरण निर्माण गरिदिन पनि आग्रह गरे ।

मुख्यमन्त्री बानियाँले बागमती प्रदेश संघीय राजधानी रहेको प्रदेश भएकाले देशभरका ६० प्रतिशतभन्दा बढी सवारीसाधनको चाप यहीँ रहने उल्लेख गर्दै ट्राफिक सुधार, दुर्घटना न्यूनीकरण र यात्रुको सुरक्षित आवागमन सुनिश्चित गर्न प्रदेश सरकार निरन्तर सक्रिय रहने बताए । यातायात व्यवसायीहरूले ट्राफिक व्यवस्थापन, दुर्घटनापछिको उपचार प्रणाली र क्षतिपूर्ति व्यवस्थामा सुधार भए सार्वजनिक यातायात सेवा थप सुरक्षित, भरपर्दो र प्रभावकारी बन्ने विश्वास व्यक्त गरेका छन् ।रासस

# ठमेलले नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाएको छः मन्त्री श्रेष्ठ

**काठमाडौँ ।**
बागतमी प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले पर्यटकीय क्षेत्र ठमेलले नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाएको बताएका छन् । ठमेल पर्यटन विकास परिषद्को शनिबार आयोजित ३० र ३१ औँ वार्षिक साधारणसभा तथा निर्वाचनका क्रममा उनले नेपालको पर्यटन क्षेत्रको विकासमा ठमेलको योगदान महत्वपूर्ण भएको बताए ।

मन्त्री श्रेष्ठले बागमती प्रदेशले पर्यटन प्रवद्र्धन र पर्यटक पूर्वाधारको विकासका लागि आर्थिक वर्ष २०८३/८४ का लागि चार अर्ब बजेट विनियोजन गरेको बताए । उनले ठमेल क्षेत्रमा व्यापार व्यवसाय गर्दै आएका कतिपय व्यवसायी घरभाडा समेत तिर्न नसक्ने अवस्थामा परेको उल्लेख गर्दै त्यस्ता व्यवसायीको पनि समस्याका लागि परिषद्ले काम गर्नुपर्ने उल्लेख गरे ।

काठमाडौँ महानगरपालिका–१६ की वडाअध्यक्ष रोजिना श्रेष्ठले सुरक्षित, व्यवस्थित र प्रविधियुक्त ठमेल निर्माणका लागि परिषद्ले काम गर्नुपर्नेमा जोड दिइन् । नेपाललाई विश्वस्तरमा चिनाउनका लागि ठमेल क्षेत्रले सहयोग पुर्याउँदै आएको उनको भनाइ छ ।

नेपाल एसोसिएसन टुर्र एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलियाले नेपाल आउने अधिकांश विदेशी पर्यटक ठमेल एकपटक आउने गरेको बताउँदै पछिल्लो समय ठमेल साँघुरो हुँदै गएको बताए । हवाई क्षेत्रमा लगानी नबढ्दासम्म नेपालको पर्यटक क्षेत्रले गति लिन नसक्ने उनको भनाइ थियो ।

परिषद्का अध्यक्ष धुर्व अधिकारीले ठमेल क्षेत्रको विकासका लागि परिषद्ले व्यवसायी र घरधनीसँग सहकार्य गरेर काम गरिरहेको बताए । उनले अन्तरराष्ट्रिय स्तरको रुपमा रहेको ठमेललाई सङ्घीय सरकारले विशेष योजना बनाएर विकास गर्नुपर्ने उल्लेख गरे ।

परिषद्का पूर्वअध्यक्ष डा. रामशरण थपलिया, उपाध्यक्ष सहदेव धमला (विमल), महासचिव बद्री तिमल्सिनालगायतले ठमेल क्षेत्रलाई विशेष पर्यटकीय गन्तव्यका रुपमा विकास गर्नुपर्ने बताए । वि.सं.२०४८ सालमा स्थापना भएको ठमेल पर्यटन विकास परिषद्मा हाल एक हजार ५०० भन्दा बढी घरधनी तथा व्यवसायी आबद्ध रहेका छन् । रासस

# कार्यवाहक प्रमुख निर्वाचन आयुक्तमा डा. तुलाधर

**काठमाडौं ।**
निर्वाचन आयोग नेपालको कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी आयुक्त डा जानकीकुमारी तुलाधरले सम्हालेकी छिन् ।

यसअघिका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी यही असार २३ गते ६५ वर्षे उमेर हदका कारण अवकाश भएपछि त्यसपछिको वरियतामा रहेका आयुक्त डा तुलाधरलाई सो जिम्मेवारी सरेको हो ।

आयुक्त भण्डारीकै नेतृत्वमा गत फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भएको थियो ।

पाँच सदस्यीय हुने आयोगका हाल आयुक्त डा तुलाधर र आयुक्त सगुनशमशेर जबरा कायम छन् ।

तत्कालीन प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको २०८२ वैशाख ५ गते र तत्कालीन निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौडेलको २०७९ फागुन ४ गते कार्यकाल सकिएको थियो ।

संवैधानिक परिषद्ले मानबहादुर कार्र्की (मोरङ) लाई प्रमुख निर्वाचन आयुक्त तथा डा राजीव सुब्बा (काठमाडौँ) र गुरुप्रसाद वाग्ले (ओखलढुङ्गा) लाई निर्वाचन आयुक्तमा सिफारिस गरेको छ ।

संसदीय सुनुवाइ समितिले प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तका लागि सिफारिस गरिएका तीन जनाविरुद्ध उजुरी आह्वानसहित सुनुवाइ प्रक्रिया सुरु गरेको छ ।

राससकाठमाडौं । निर्वाचन आयोग नेपालको कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी आयुक्त डा जानकीकुमारी तुलाधरले सम्हालेकी छिन् । यसअघिका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी यही असार २३ गते ६५ वर्षे उमेर हदका कारण अवकाश भएपछि त्यसपछिको वरियतामा रहेका आयुक्त डा तुलाधरलाई सो जिम्मेवारी सरेको हो ।

आयुक्त भण्डारीकै नेतृत्वमा गत फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भएको थियो ।

पाँच सदस्यीय हुने आयोगका हाल आयुक्त डा तुलाधर र आयुक्त सगुनशमशेर जबरा कायम छन् ।

तत्कालीन प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको २०८२ वैशाख ५ गते र तत्कालीन निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौडेलको २०७९ फागुन ४ गते कार्यकाल सकिएको थियो ।

संवैधानिक परिषद्ले मानबहादुर कार्र्की (मोरङ) लाई प्रमुख निर्वाचन आयुक्त तथा डा राजीव सुब्बा (काठमाडौँ) र गुरुप्रसाद वाग्ले (ओखलढुङ्गा) लाई निर्वाचन आयुक्तमा सिफारिस गरेको छ ।

संसदीय सुनुवाइ समितिले प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तका लागि सिफारिस गरिएका तीन जनाविरुद्ध उजुरी आह्वानसहित सुनुवाइ प्रक्रिया सुरु गरेको छ ।रासस

# आँधीका कारण ताइवानमा हजारौँ विस्तापित



ताइवान ।
जापानबाट चीनतर्फ धकेलिएको आँधी बावीका कारण ताइवानमा १४ हजार भन्दा बढी मानिसहरू आफ्नो घर छोडेर भाग्न बाध्य भएका छन् भने धेरै पसल तथा व्यावसायहरु बन्द रहेको जनाइएको छ । बावीले आँधी ओकिनावामा हजारौँलाई प्रभावित बनाएको छ भने आइतबार बिहान चीनमा अवतरण गर्ने अपेक्षा गरिएको छ । बावीका कारण आएको तीव्र हावा र भारी वर्षाले सबैभन्दा बढी प्रभावित क्षेत्र ताइवानको बन्दरगाह सहर कीलुङमा सडकहरू सुनसान भएको जनाइएको छ । गत सोमबार गुआम र उत्तरी मारियानासमा प्रहार गरे पछि, बावीले प्रशान्त महासागर क्षेत्रमा अवतरण गरेको जनाइएको छ ।

ताइवानको केन्द्रीय मौसम विभागले (सीडब्लुए)बावीको अधिकतम निरन्तर हावाको गति १४४ किलोमिटर प्रति घन्टामा झरेको जनाइएको छ भने शनिबार करिब १८० किलोमिटर प्रति घण्टाको हावाको साथ, ले आँधीबेहरीको “तीव्रतामा कमजोर“ भएको बताएको छ । सिडब्लुएले उत्तरी ताइवानमा भारी वर्षा र बावी टापुको उत्तरमा पुग्दा तटमा १० मिटर अग्लो “खतरनाक छालहरू“ को चेतावनी दिएको छ । आँधीका कारण २७ हजार भन्दा बढी घरहरु बिजुली विहीन भएको जनाएको छ ।

आँधीको प्रभाव शनिवार दिउँसोको समयमा बढी प्रभावकारी हुने सिडब्लुएका पूर्वानुमान –कर्ता जेसन चेङलााई उद्दत गर्दै एएफपीले जनाएको छ । बावी शुक्रबार ताइवानमा ३० वर्ष भन्दा बढी समय पछि आएको सबै भन्दा ठुलो टाइफुन हुने र त्यसबेला देखि यसको तीव्र हावाको दर ३५० किलोमिटरमा सङ्कुचित हुने अनुसार गरिएको चेङले बताएको छ । केही ताइवानीहरूले सरकारको टाइफुन चेतावनीमा निराशा व्यक्त गरेका छन् भने जसले गर्दा अधिकांश व्यवसायहरू बन्द गर्न र मानिसहरूलाई घर भित्रै बस्न बाध्य बनाएको थियो । सरकारी प्रतिवेदनले आँधीलाई यसलाई पूर्णतया डरलाग्दो बनाइ सबैलाई आतङ्कित पारेको किलुङका अर्का एक जना व्यावसायी लीले आँधीका कारण व्यापार गुमाएकोमा निराश भएको बताको छ । टाइफुनले जापानको दुर्गम दक्षिणपश्चिमी टापुहरूमा प्रहार गर्दा मियाको क्षेत्र सबै भन्दा बढी प्रभावित भए पछि ओकिनावाका १८ हजार भन्दा बढी घरपरिवार र सुविधाहरूले बिजुली गुमाएको जनाएको छ । आधीका कारण जापानी एयरलाइन्सहरूले दर्जनौँ उडानहरू रद्द गरेको जनाइएको छ भने यसका कारण २६ हजार भन्दा बढी यात्रुहरू प्रभावित भएका छन् । बावीले सबैभन्दा खराब अवस्था लिइरहेको जनाउदै सामाजिक सञ्जाल एक्समा पोस्ट गरेका थिए । फिलिपिन्समा शुक्रबार दक्षिणी टापु मिन्डानाओमा भएको भारी वर्षाले गर्दा आएको दुई वटा पहिरोमा कम्तीमा १५ जनाको मृत्यु भएको अधिकारीहरुले बताएका छन् । सरकारी टेलिभिजन सिसिटिभीका अनुसार पूर्वी झेजियांग प्रान्त र उत्तरपूर्वी फुजियान प्रान्तमा भारी वर्षा हुने पूर्वानुमान गरिएको जनाइएको छ । झेजियांगको सियागुआन सहरमा, दश हजार भन्दा बढी मानिसहरूलाई ‘तीव्र हावा’ को जोखिमका कारण आफ्नो घर बाट सुरक्षित स्थानमा स्थानान्तरण गरिएको सिसिटिभीले जनाएको छ ।

लामो समय सम्म चलेको चरम मौसमले यस हप्ता दक्षिणी तथा मध्य चीनमा विनाश गरेको जनाइएको छ भने आँधीबेहरीले कम्तिमा ३९ जनाको ज्यान लिनुका साथै दर्जनौं नदीहरूमा बाडी आएको छ र जलाशयका बाँध फुटेको उल्लेख गरिएको छ । रासस

# अनुदान र प्रविधिको साथले चुलाचुलीमा व्यावसायिक मकैखेती



**इलाम ।**
केही वर्षअघिसम्म इलामको चुलाचुली गाउँपालिका–४ का अशोक राईका लागि मकै घरायसी उपभोगका लागि मात्रै उत्पादन हुने बाली थियो । थोरै जग्गामा लगाइने मकैले परिवारको आवश्यकता पूरा गरे पनि त्यसबाट आम्दानी हुने कल्पना उनले गरेका थिएनन् । तर अहिले अवस्था फेरिएको छ । गाउँपालिकाको अनुदान, उन्नत जातको बीउ र प्राविधिक सहयोग पाएपछि उहाँले आठ कट्ठा जमिनमा व्यावसायिक मकैखेती विस्तार गरेका छन् ।

‘पहिला घरायसी प्रयोजनका लागि मात्रै थोरै मकै लगाउने गर्दथ्यौँ’, उनी भन्छन्, ‘अहिले गाउँपालिकाले उन्नत जातको बीउमा सहयोग गर्न थालेपछि व्यावसायिक खेती सुरु गरेको हुँ ।’ अशोक राईका लागि मात्रै होइन, इलामको चुलाचुली गाउँपालिकाका सयौँ किसानका लागि अहिले मकैखेती आम्दानीको भरपर्दो स्रोत बनेको छ । स्थानीय सरकारले सञ्चालन गरेको ‘कृषि जोन कार्यक्रम’ले किसानलाई अनुदान, प्राविधिक सेवा र बजारसँग जोड्दै गाउँपालिकालाई व्यावसायिक मकै उत्पादनको उदीयमान केन्द्रका रूपमा स्थापित गर्दै लगेको छ ।

कृषि उत्पादन वृद्धि गर्दै किसानको आयआर्जन बढाउने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत गाउँपालिकाले आर्थिक वर्ष २०८२–८३ मा ५० प्रतिशत लागत साझेदारीमा ‘टिएक्स–३६९’ जातको हाइब्रिड मकैको बीउ वितरण गरेको थियो । कार्यक्रमबाट चुलाचुलीका ७०० किसान लाभान्वित भएका छन् । उनीहरूलाई कुल ६ हजार ४५६ किलोग्राम बीउ वितरण गरिएको छ भने प्रत्येक किसानले बढीमा १६ किलोग्रामसम्म बीउ प्राप्त गरेका छन् ।

गाउँपालिकाको कृषि विकास शाखाका प्रमुख सुवास दाहालका अनुसार वडा नम्बर १ देखि ६ सम्मका किसानका लागि ४१ लाख ९६ हजार ४०० बराबरको बीउ वितरण गरिएको हो । यसमध्ये २० लाख ९८ हजार २०० गाउँपालिकाले अनुदान दिएको थियो भने बाँकी रकम किसानले लागत साझेदारी गरेका थिए ।

दाहालका अनुसार अहिले चुलाचुलीमा १०७ हेक्टर क्षेत्रफलमा व्यावसायिक मकैखेती भइरहेको छ । यहाँबाट वार्षिक करिब २४२ मेट्रिक टन मकै उत्पादन हुने गरेको छ । उत्पादन बढेसँगै किसानको आम्दानीमा पनि उल्लेखनीय सुधार देखिएको उनको भनाइ छ । ‘हामीले बीउ वितरणमा मात्र सीमित नभई प्राविधिक परामर्श, तालिम, कृषि सामग्री र यान्त्रीकरणका कार्यक्रम पनि सञ्चालन गरिरहेका छौँ’, दाहालले भने, ‘यसले उत्पादन लागत घटाएको छ भने उत्पादकत्व पनि बढाएको छ ।’

चुलाचुली–४ का किसान टिके बुङक्षेन राईका लागि मकै खेती अहिले परिवारको मुख्य आयस्रोत बनेको छ । उनका अनुसार अन्य बालीको तुलनामा मकैबाट छिटो र राम्रो आम्दानी हुन्छ । ‘मकै बिक्रीबाट आएको पैसाले घरखर्च चलाउन र छोराछोरीको पढाइमा धेरै सहयोग पुगेको छ’, उनी भन्छन्, ‘अरू बालीभन्दा यसमा मेहनतको प्रतिफल राम्रो पाइने रहेछ ।’ व्यावसायिक खेती विस्तारसँगै गाउँपालिकाका धेरै बाँझो जमिन पुनः खेतीयोग्य बनेका छन् । अहिले गाउँका बारीहरू लहलहाएका मकैका बोटले हराभरा देखिन्छन् । कतिपय किसानको मकै पाकिसकेको छ भने कतिपय खेतमा पाक्ने क्रममा छ ।

मकैखेतीको विस्तारले गाउँमा रोजगारीका अवसर पनि सिर्जना गरेको छ । खेतबारीमा श्रमिकको माग बढेको छ भने वैदेशिक रोजगारीबाट फर्किएका केही युवाले समेत कृषि व्यवसाय रोज्न थालेका छन् । स्थानीय सरकारले कृषि क्षेत्रमा गरेको लगानीले गाउँमै आयआर्जनको सम्भावना बढाएको किसानहरू बताउँछन् । उत्पादन बढे पनि बजारको अभाव भने किसानले भोग्नुपरेको छैन ।

किसान उपेन्द्र पौड्यालका अनुसार व्यापारीहरू मकै खरिद गर्न गाउँमै आउने भएकाले बिक्रीका लागि चिन्ता लिनु पर्दैन । ‘उत्पादन भएको मकै घरबाटै बिक्री हुन्छ, यहाँको मकै झापा, मोरङ र सुनसरीलगायतका बजारमा पुग्छ’, उनले भने । पशुपालन व्यवसाय विस्तारसँगै दाना उद्योगबाट मकैको माग बढिरहेको किसानको अनुभव छ । स्थानीय बजारसँगै औद्योगिक माग बढ्दा उत्पादन बिक्री हुने निश्चित भएपछि किसानको व्यावसायिक खेतीप्रतिको विश्वास अझ बलियो बनेको छ ।

किसान सञ्जीव मगरका अनुसार पहिले वर्षभरि खान पुग्ने अन्न उत्पादन गर्ने उद्देश्यले मात्र मकै लगाइन्थ्यो । उनले भने, ‘अहिले बजारको माग हेरेर खेती विस्तार गरेका छौँ, ‘आम्दानी हुने निश्चित भएपछि खेतीप्रतिको दृष्टिकोण नै बदलिएको छ ।’ कृषि प्राविधिकहरूका अनुसार चुलाचुलीको हावापानी, उर्वर माटो र पर्याप्त वर्षा मकैखेतीका लागि अनुकूल छन् । मकै समुद्री सतहदेखि करिब १३ हजार फिट उचाइसम्म खेती गर्न सकिने बाली हो । राम्रो उत्पादनका लागि २१ देखि २७ डिग्री सेल्सियस तापक्रम उपयुक्त मानिन्छ भने पानी नजम्ने मलिलो दुमट माटो यसको खेतीका लागि राम्रो हुन्छ ।

मकै नेपालकै दोस्रो प्रमुख खाद्यान्न बाली हो । विशेषगरी पहाडी क्षेत्रमा यो मुख्य खाद्य बालीका रूपमा प्रयोग हुँदै आएको छ । पछिल्लो समय यसको उपयोग परम्परागत खानामा मात्र सीमित छैन । भुटेको, उसिनेको वा पोलेको मकैसँगै ढिँडो, रोटी, चिउरा, हलुवा, केक, कुकिज, चिप्सलगायत विभिन्न परिकारमा यसको प्रयोग बढ्दो छ । पोषणका हिसाबले पनि मकैलाई महत्वपूर्ण खाद्यान्न मानिन्छ । कृषि प्राविधिकका अनुसार यसमा प्रशस्त फाइबर पाइने भएकाले पाचन प्रणालीलाई सन्तुलित राख्न मद्दत पुग्छ । नियमित सेवनले कब्जियत र एसिडिटीको समस्या कम गर्न सहयोग पुग्ने, कोलेस्ट्रोल नियन्त्रणमा भूमिका खेल्ने तथा मुटु रोगको जोखिम घटाउन मद्दत गर्ने विश्वास गरिन्छ । फोलिक एसिड, कपर, म्याग्नेसियम, आइरन र फस्फोरसजस्ता पोषक तत्व भएकाले गर्भवती महिला तथा हड्डीको स्वास्थ्यका लागि पनि मकै उपयोगी मानिन्छ ।

चुलाचुली गाउँपालिकाले मकै खेतीसँगै अन्य कृषि बालीको विकासलाई पनि प्राथमिकता दिएको छ । सिमलतरुल, आलु, अदुवा, बेसार, तरकारी तथा फलफूलखेती विस्तारका कार्यक्रम सञ्चालन भइरहेका छन् । किसानलाई बीउबिजन, सिँचाइ सुविधा र कृषि औजार उपलब्ध गराइनुका साथै आधुनिक प्रविधिको प्रयोगमा प्रोत्साहन गरिएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत चुलाचुली–२ मा ६ लाखको आलु पकेट कार्यक्रम तथा वडा नम्बर १ र ५ मा १२ लाखको अदुवा–बेसार पकेट विकास कार्यक्रम सञ्चालन गरिएको छ । त्यस्तै ५० प्रतिशत लागत साझेदारीमा रु आठ लाख बराबरका कृषि सामग्री तथा यान्त्रीकरणका उपकरण वितरण गरिएको कृषि विकास शाखाले जनाएको छ ।

गाउँपालिका अध्यक्ष राजेन्द्र केरुङका अनुसार कृषि क्षेत्रलाई आगामी दिनमा पनि स्थानीय विकासको मुख्य आधारका रूपमा अघि बढाइनेछ । ‘कृषि उत्पादनसँगै किसानको आयआर्जन वृद्धि र स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने लक्ष्यका साथ कृषि अनुदान कार्यक्रमलाई अझ प्रभावकारी बनाउनेछौँ’, उनले भने, ‘त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरेका छौँ ।’ अनुदान, प्रविधि, बजार र किसानको बढ्दो आत्मविश्वासले चुलाचुलीमा व्यावसायिक मकैखेतीको नयाँ सम्भावना उजागर गरेको छ । परम्परागत निर्वाहमुखी खेतीबाट व्यवसायमुखी कृषितर्फको यात्रा अहिले यस गाउँपालिकाको पहिचान बन्दै गएको छ । यहाँका हराभरा मकैका बारीहरूले केवल राम्रो उत्पादनको सङ्केत मात्र दिएका छैनन्, गाउँको बदलिँदो आर्थिक भविष्यको झल्को पनि दिएका छन् । रासस

# स्पेन फिफा विश्वकपको सेमिफाइनल



काठमाडौँ ।
स्पेन फिफा विश्वकप २०२६ को सेमिफाइनलमा प्रवेश गरेको छ ।

शनिबार बिहान अमेरिकामा भएको खेलमा बेल्जियमलाई २–१ गोल अन्तरले पराजित गरेर स्पेन सेमिफाइनलमा प्रवेश गरेको हो । खेलको ३०औँ मिनेटमा फाबियान रुइजले पहिलो गोल गरेर स्पेनलाई सुरुवाती अग्रता दिलाएका थिए । तर, ४१औँ मिनेटमा बेल्जियमका चाल्र्स डे केटेलेरेले गोल फर्काएर खेललाई बराबरीमा ल्याएका थिए ।

त्यसपछि ८८औँ मिनेटसम्म मिकेल मेरिनोले निर्णायक गोल गरेर स्पेनलाई विजयी बनाए । अब स्पेनले सेमिफाइनलमा फ्रान्ससँग प्रतिस्पर्धा गर्नेछ । रासस

# न्युजिल्यान्ड र भारतबीच ‘रणनीतिक साझेदारी’ घोषणा, रक्षा र व्यापार सहकार्य विस्तार गर्ने सहमति



**अकल्यान्ड ।**
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको ऐतिहासिक न्युजिल्यान्ड भ्रमणका क्रममा दुवै देशले रक्षा, सुरक्षा, व्यापार, कूटनीति, विज्ञान तथा प्रविधिलगायत विभिन्न क्षेत्रमा सहकार्य विस्तार गर्ने उद्देश्यसहित शनिबार ‘रणनीतिक साझेदारी’ घोषणा गरेका छन् ।

न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनले अकल्यान्डस्थित गभर्नमेन्ट हाउसमा भारतीय प्रधानमन्त्री मोदीलाई माओरी परम्पराअनुसार स्वागत गर्दै सम्मान गारद प्रदान गरे । गत अप्रिलमा दुई देशबीच स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर भएपछि सम्बन्धलाई थप मजबुत बनाउने दिशामा यो भ्रमणलाई महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

जुलाई ६ देखि ११ सम्म इन्डोनेसिया, अस्ट्रेलिया र न्युजिल्यान्डको भ्रमणमा रहनुभएका मोदीको न्युजिल्यान्ड यात्रा यस भ्रमणको अन्तिम चरण हो । प्रशान्त क्षेत्रमा चीनको बढ्दो सैन्य गतिविधि र प्रभावका बीच भएको यो भ्रमणलाई भारतको कूटनीतिक सक्रियताको संकेतका रूपमा पनि विश्लेषण गरिएको छ । चालीस वर्षपछि कुनै भारतीय प्रधानमन्त्रीले न्युजिल्यान्ड भ्रमण गरेको यो पहिलो अवसर हो । स्वागत समारोहमा प्रधानमन्त्री लक्सनले भारत–न्युजिल्यान्ड सम्बन्धलाई नयाँ उचाइमा पु¥याउने विश्वास व्यक्त गर्दै रणनीतिक साझेदारीले दुवै देशबीचको सहकार्यलाई थप व्यापक बनाउने बताए ।

प्रधानमन्त्री मोदीले यसलाई दुई देशबीचको सम्बन्धमा ‘थप ऊर्जा र आत्मविश्वास प्रदान गर्ने महत्वपूर्ण कोशेढुङ्गा’ को संज्ञा दिए । उनले लोकतान्त्रिक मूल्यप्रतिको साझा प्रतिबद्धताले भारत र न्युजिल्यान्डलाई स्वाभाविक साझेदार बनाएको उल्लेख गरे ।

दुवै देशले जारी गरेको संयुक्त वक्तव्यमा रक्षा सहकार्य, संयुक्त नौसैनिक अभ्यास, व्यापार, कूटनीति, संस्कृति, खेलकुद तथा विज्ञान र प्रविधिका क्षेत्रमा सहकार्य विस्तार गर्ने उल्लेख गरिएको छ । साथै, ‘स्वतन्त्र, खुला, शान्तिपूर्ण र समृद्ध इन्डो–प्यासिफिक क्षेत्र’ निर्माणमा साझा प्रतिबद्धता पनि व्यक्त गरिएको छ ।

**व्यापार सम्झौतामाथि आन्तरिक बहस**

मोदीको भ्रमणका क्रममा अकल्यान्डस्थित स्पार्क एरेनामा भारतीय समुदायलाई सम्बोधन गर्ने कार्यक्रम तय गरिएको छ । न्युजिल्यान्डमा बसोबास गर्ने करिब तीन लाख भारतीय मूलका नागरिकमध्ये हजारौँ सहभागी हुने अपेक्षा गरिएको छ । यसैबीच, नोभेम्बरमा हुने आमनिर्वाचनअघि प्रधानमन्त्री लक्सनले भारतसँगको स्वतन्त्र व्यापार सम्झौताले रोजगारी सिर्जना र आर्थिक लाभ पुग्ने दाबी गर्दै आएका छन् । तर, भारतीय विद्यार्थी र कामदारका लागि भिसा तथा आप्रवासन प्रक्रिया सहज बनाउने प्रावधानलाई लिएर भने न्युजिल्यान्डभित्र आलोचना भइरहेको छ ।

लक्सन नेतृत्वको गठबन्धन सरकारमा सहभागी ‘न्युजिल्यान्ड फर्स्ट’ पार्टीका केही सांसदले सम्झौताका केही प्रावधानप्रति असन्तुष्टि जनाएका छन् । सरकारीमन्त्री शेन जोन्सले पनि सार्वजनिक रूपमा सम्झौताप्रति आपत्ति जनाएका थिए । उनको अभिव्यक्तिलाई लिएर भारतीय समुदायका केही नेताले जातीय विभेदपूर्ण टिप्पणी भएको आरोप लगाएका छन् । यसैबीच, विवादास्पद धार्मिक नेता ब्रायन तामाकीले प्रधानमन्त्री मोदीको भ्रमणको विरोध गर्दै सामाजिक सञ्जालमा आपत्तिजनक टिप्पणी गरेपछि न्युजिल्यान्डका जातीय सम्बन्ध आयुक्तले त्यसको कडा आलोचना गर्दै उक्त अभिव्यक्तिलाई ‘अत्यन्त आपत्तिजनक’ बताएका छन् ।

प्रधानमन्त्री लक्सनले भने मोदीको भ्रमणलाई दुई देशबीचको सम्बन्ध थप सुदृढ बनाउने अवसरका रूपमा चित्रण गर्दै यसले दुवै देशका नागरिकको समृद्धि र सुरक्षामा सकारात्मक योगदान पु¥याउने विश्वास व्यक्त गरे । रासस

# सास्तीरहित नारायणगढ–बुटवल यात्रा



**नवलपरासी ।**
गत वर्षसम्म सामान्य वर्षा हुँदा पनि घण्टौँ सवारीसाधन जाम हुने दाउन्ने क्षेत्र यस वर्ष भने सहज बनेको छ । नारायणघाट–बुटवल सडक विस्तार आयोजनाको निर्माण अन्तिम चरणमा पुगेपछि बर्खाको समयमा समेत यस क्षेत्रमा सवारी आवागमन सहज हुन थालेको हो ।गत वर्षसम्म सामान्य वर्षा, सडक निर्माण, पहिरो पन्छाउने काम तथा सवारीसाधन बिग्रिए पनि दाउन्ने क्षेत्रमा लामो जाम लाग्ने गरेको थियो । विशेषगरी बर्खा र हिउँदमा हजारौँ यात्रुले घण्टौँ सडकमै बस्नुपर्ने अवस्था थियो । तर यस वर्ष सडकको अधिकांश भाग कालोपत्र भई निर्माण अन्तिम चरणमा पुगेपछि यात्रुले त्यस्तो सास्ती भोग्नुपरेको छैन । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को विनयी त्रिवेणी गाउँपालिका–२ अन्तर्गत पर्ने दाउन्ने क्षेत्र २०८१ साउन १ गतेदेखि २०८२ असार ३२ गतेसम्म ६३ पटक अवरुद्ध भएको तथ्याङ्क छ । तर यस वर्ष त्यो अवस्था हटेको छ । दैनिक रूपमा यही सडक प्रयोग गर्ने स्थानीयवासी तथा चालकहरू पनि यस वर्षको अवस्था विगतभन्दा फरक रहेको बताउँछन् । यस राजमार्गमा नियमित सवारीसाधन चलाउँदै आएका रामु भुसालले पहिले दाउन्ने पार गर्नै घण्टौँ लाग्ने गरेको स्मरण गर्दै अहिले सहज रूपमा यात्रा गर्न पाइएकामा खुसी व्यक्त गरे । 'गत वर्ष पानी पर्ने बित्तिक्कै दाउन्नेको जाममा फसिन्थ्यो । अहिले सडक फराकिलो र कालोपत्र भएकाले यात्रा सहज भएको छ । यात्राको समय पनि घटेको छ,' उनले भने ।
दाउन्ने क्षेत्रमा सहजरूपमा यातायात सञ्चालन हुन थालेपछि स्थानीय बासिन्दा, व्यवसायी र यात्रुले राहत महसुस गरेका बिनयी त्रिवेणी गाउँपालिकाका अध्यक्ष घनश्याम गिरीले बताए । 'दाउन्नेको समस्या राष्ट्रिय चिन्ताको विषय बनेको थियो । अहिले सडक विस्तार अन्तिम चरणमा पुग्दा आवागमन सहज भएको छ । यसले स्थानीय अर्थतन्त्र, पर्यटन र दैनिक जनजीवनमा सकारात्मक प्रभाव पार्न थालेको छ,' उनले भने ।
गत वर्षको तुलनामा यस वर्ष दाउन्ने क्षेत्रमा सवारी व्यवस्थापन सहज भएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रहरी उपरीक्षक युवराज खड्काले बताए । 'गत वर्ष निर्माण कार्य र वर्षाका कारण पटक–पटक लामो जाम व्यवस्थापन गर्नुपथ्र्यो । अहिले सडकको अवस्था सुधारिएकाले सवारी सञ्चालन सहज छ । सामान्य अवस्थामा लामो समय सडक अवरुद्ध हुने अवस्था आएको छैन,' उनले भने, 'प्रहरी र आयोजनाबीचको समन्वयले पनि यातायात व्यवस्थापन प्रभावकारी बनेको छ ।'
नारायणघाट–बुटवल सडक आयोजना (पूर्वी खण्ड) का सूचना अधिकारी एवं इन्जिनियर शिव खनालले मुख्य सडकको कालोपत्र र कङ्क्रिट ढलान सम्पन्न भएसँगै यात्रा सहज भएको बताए । 'अहिलेसम्म पूर्वी खण्डको समष्टिगत भौतिक प्रगति ९२.३८ प्रतिशत पुगेको छ,' उनले भने, 'अब सडक सुरक्षा, लेन मार्किङ, साइनबोर्ड, रेलिङलगायतका काम भइरहेका छन् । विगतमा जस्तो निर्माणका कारण यात्रुले सास्ती बेहोर्नुपर्ने अवस्था धेरै हदसम्म हटेको छ ।'
पूर्व–पश्चिम राजमार्गको सबैभन्दा व्यस्त खण्डमध्ये पर्ने नारायणघाट–बुटवल सडक एसियाली विकास बैंक (एडीबी) को सहुलियतपूर्ण ऋण सहयोगमा विस्तार भइरहेको छ । आयोजना अन्तर्गत पूर्वी खण्डमा मुख्य सडकको कालोपत्र तथा कङ्क्रिट ढलान सम्पन्न भइसकेको छ भने सडक सुरक्षा तथा अन्य सहायक संरचना निर्माणको काम अन्तिम चरणमा पुगेको आयोजना कार्यालयले जनाएको छ । सानातिना काम जारी रहे पनि विगतमा जस्तो सामान्य वर्षा हुँदा पनि घण्टौँ सडक अवरुद्ध हुने अवस्था यस वर्ष देखिएको छैन ।रासस

# गर्मी छल्न पर्यटक रिग क्षेत्रमा



**बागलुङ ।**
हिजोआज दैनिकजसो रिगताल परिसरमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । बागलुङको तल्लो क्षेत्रमा निकै गर्मी छ । जसका कारण समुन्द्री सतहदेखि तीन हजार २०० मिटरको उचाइमा रहेको रिगताल क्षेत्रमा सितल छ । यहाँ पुस माघ महिनाको जस्तो चिसो सिरेटो चिलिनै रहन्छ । गर्मी छल्न आन्तरिक पर्यटक दिनहुँ यहाँ पुग्छन् । उच्च पहाडी हावापानी, शान्त वातावरण र प्राकृतिक सुन्दरताको रसास्वादन गर्न आउने पर्यटकका कारण रिग क्षेत्रमा चहपहल बढेको हो । बर्खा याममा फूलेका भुइँफूल र अहिया पालुवाले यहाँ पुग्ने जोकोहीलाई आकर्षित गर्ने गरेको छ । बागलुङको निसीखोला गाउँपालिका–६ मा पर्ने रिग ताल एक दशक अगाडिसम्म ओझेलमा थियो । तर पछिल्लो समय प्रचारप्रसार हुँदा पर्यटक आकर्षणको केन्द्र बनेको हो ।
राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको नजिकै पर्ने रिग क्षेत्रमा प्रकृतिसँगै गोठाले जनजीवन, हजारौँ संख्याका वस्तुभाउ र वन्यजन्तुसँग रमाउन आउनेको संख्या बढी छ । बागलुङ, रोल्पा र पूर्वी रुकुम जिल्लाको सङ्गम स्थल पातीहाल्नेदेखि १५ मिनेटको पैदल यात्रामा पुग्न सकिने रिगतालसम्म सडक पनि पुगेको छ । जसले पर्यटकलाई सवारी साधानमै तालसम्म पुग्न सहज बनाएको छ ।
पछिल्लो सात वर्षमा रिग ताल क्षेत्रमा आउने पर्यटकको संख्या ह्वातै बढेको निसीखोला गाउँपालिका–६ का पूर्णबहादुर घर्ती मगरले बताए । पहिले गोठालाले चरन क्षेत्रका रुपमा प्रयोग गर्दै आएको रिगतालमा अहिले दैनिक पर्यटक आउने गरेका छन् । असारको पहिलो सातादेखि नै दैनिक एक सयभन्दा बढी पर्यटक रिग क्षेत्रमा आउने गरेको घर्ती मगरले सुनाए । उनले भने, 'सडकको विकासले गोठाला बस्ने ठाउँमा पर्यटक आउन थाले, पहिले त निसी, भल्कोट गाउँका गोठालाहरु भेडाबाख्रा, गाईभैँसी लिएर बर्खा भरि बस्ने ठाउँ हो, तर अहिले रिग डाँडाभरी मान्छेहरुको भिड लाग्छ, ठाउँ पनि राम्रो छ ।'
अरु बेलाभन्दा बिदाको दिन ५ सय बढी पर्यटक रिग तालमा आउने गरेका घर्तीले जानकारी दिए । पर्यटकले गोठमै आएर दूध, दही र घ्यूसमेत खरिद गर्दा आम्दानी राम्रो हुने गरेको बताए । पर्यटकले प्लास्टिकका बोटल, बियरका सिसा र अन्य प्लास्टिकजन्य फोहोर जथाभावी गर्ने गरेको उनले गुनासो गरे । खासगरी बुटवल, दाङ, नेपालगञ्ज, चितवन, भैरहवा लगायतका ठाउँबाट पर्यटकहरु गर्मी छल्न यतिबेला रिगताल आउने गरेका छन् । नेपालगञ्जबाट घुम्न आउनुभएका रितेश ताम्राकारले तराईमा निकै गर्मी बढेको हुँदा एक साता सितल खोज्दै पहाड उक्लिएको बताए । पहाड आएको समयमा चौरीखर्क, ढोरपाटन, निसेलढो र रिगतलामा घुमेको उनले सुनाउनुभयो । 'तराईमा निकै गर्मी बढेको छ, यहाँको जस्तो सितल हावा पाउन त निकै गाह्रो पर्छ, यहाँको हावापानी धेरै राम्रो रहेछ, एकैछिन बस्यो भने जाडोले काप्ने अवस्था आउँछ,' उनले भने, 'गर्मी महिनाभरि यतै बसौँ जस्तो लाग्यो ।'
भैरहवाका प्रवेश पौडेलले पहाड घर गुल्मी आएको बेला साथीहरुसँग रिगताल घुम्न आएको बताए । भैरहवामा अत्यधिक गर्मी बढेको सुनाउँदै उनले रिगताल आएपछि यहाँको प्रकृति र हावापानीसँग रमाउँदै आनन्द आएको बताए । रासस

# एक सय ८ धाराले थप आकर्षक बन्दै रामधुनी मन्दिर

**धरान।**
सुनसरीको रामधुनी नगरपालिका–४ स्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको रामधुनी मन्दिरमा निर्माण गरिएको १ सय ८ धारा, धर्मशालालगायतका संरचनाले मन्दिर क्षेत्रको आकर्षण थप बढाएको छ। पछिल्ला वर्षहरूमा भएका पूर्वाधार विकाससँगै नेपालका विभिन्न जिल्लाका साथै भारतबाट आउने धार्मिक पर्यटकको सङ्ख्या पनि बढ्दै गएको छ।
त्रेतायुगमा भगवान् श्रीरामले वनवासका क्रममा धुनी बालेर एक रात विश्राम गरेको र आफ्ना खराउ यहीँ छाडेको धार्मिक विश्वाससँग जोडिएको रामधुनी मन्दिर पछिल्ला वर्षमा धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा विस्तार हुँदै गएको छ । रामधुनी जङ्गलको बीचमा रहेको यस मन्दिरमा दैनिक दर्शनार्थी पुग्ने गरेका छन्। रामनवमी, विवाहपञ्चमी, ऋषिपञ्चमी, शिवरात्रि, तीजलगायत पर्वमा भक्तजनको उन उल्लेख्य घुइँचो लाग्ने गरेको छ।
मन्दिर व्यवस्थापन समितिका अध्यक्ष डिल्ली कार्कीका अनुसार सङ्घीय सरकार, रामधुनी नगरपालिका तथा अन्य निकायको सहयोगमा मन्दिर क्षेत्रलाई व्यवस्थित बनाउने काम भइरहेको छ।
उनका अनुसार सङ्घीय सरकारको एक करोड ३५ लाख रुपैयाँबाट निर्माण गरिएको १ सय ८ धारा अहिले मन्दिर परिसरको प्रमुख आकर्षण बनेको छ। धारा निमार्ण भएपछि यहाँ मन्दिरमा आउने तिर्थालुले स्नान गर्न पाउनुका साथै यसले धार्मिक पर्यटन प्रवद्र्धनमा टेवा पुग्ने विश्वास गरिएको छ।
त्यसैगरी राधुनी मन्दिर परिसरमा सङ्घीय सरकार र रामधुनी नगरपालिकाको आधा आधा लगानी गर्ने गरी दुई करोड रुपैयाँको लगानीमा धर्मशाला निर्माण भइरहेको छ । साथै कोशी प्रदेश पर्यटन कार्यालय विराटनगरको ५० लाख रुपैयाँबाट तपस्वीथानमा सिँढी तथा सीताकुण्ड आसपास टायल बिछ्याउने काम सम्पन्न भएको छ। गुठी संस्थानको रु पाँच लाख सहयोगमा यस अघि सीताको मूर्ति निर्माण गरिएको समितिका अध्यक्ष कार्कीले जानकारी दिए।
अध्यक्ष कार्कीका अनुसार मन्दिर परिसरमा प्रवेशद्वार, कमलकुण्ड वरिपरि रेलिङ, घेराबार तथा अन्य आवश्यक संरचना निर्माण भइसकेका छन् । साथै रामदरबार, अष्टचिरञ्जीवी मन्दिर, श्रीयन्त्र मन्दिर, श्रीचन्द्र बाबा वनस्खण्डी तथा प्रीतमदास मन्दिर निर्माणको काम पनि अघि बढेको छ।
इटहरीबाट घुम्न आउनुभएका सन्जोग श्रेष्ठले मन्दिर परिसरमा निर्माण गरिएको १०८ धाराले रामधुनीको आकर्षण थप बढाएको बताए । यस्ता पूर्वाधारले धार्मिक पर्यटन प्रवद्र्धनमा सकारात्मक योगदान पुग्ने उनको भनाइ छ । व्यवस्थापन समितिका अनुसार मन्दिरमा भक्तजनको आगमन बढ्दै गएको छ । प्राकृतिक वातावरण, धार्मिक आस्था र नयाँ पूर्वाधारको संयोजनले रामधुनी मन्दिर पूर्वी नेपालको महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको स्थानीय बताउँछन्। रासस

# मुदी–गुर्जा–जलजला पदमार्ग सञ्चालनको तयारी



**म्याग्दी ।**
प्राकृतिक, सांस्कृतिक र साहसिक पर्यटनलाई नयाँ आयाम दिने उद्देश्यका साथ म्याग्दीको धवलागिरि गाउँपालिकामा मुदी–गुर्जा–रुघाचौर–जलजला जोड्ने नयाँ पदमार्ग सञ्चालनको तयारी गरिएको छ ।
हालसम्म पर्यटकका लागि नखुलेको यस 'भर्जिन रुट'लाई आगामी हिउँदे यामदेखि सञ्चालनमा ल्याउने योजना बनाइएको छ ।
म्याग्दीबाट निर्वाचित प्रतिनिधिसभा सदस्य तथा विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले पर्यटन विभागको सहयोगमा हालै सम्पन्न सम्भाव्यता अध्ययनका आधारमा धवलागिरि गाउँपालिका–४ मुदीदेखि वडा नं १ गुर्जा हुँदै वडा नं २ स्थित जलजलासम्मको पदमार्ग सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिए ।
'यो एकदमै नयाँ अर्थात् 'भर्जिन रुट' हुनेछ,' मन्त्री पुनले भने, 'यस पदमार्गमा पर्यटक लैजान आवश्यक तयारी गर्न पर्यटन व्यवसायी र स्थानीयवासीलाई अनुरोध गर्दछु ।' उनका अनुसार पदमार्गका अप्ठ्यारा स्थानमा बाटो निर्माण, रेलिङ जडान, विश्रामस्थल तथा झोलुङ्गे पुल निर्माणमा पर्यटन मन्त्रालयले सहयोग गर्नेछ ।
यही असारको पहिलो, दोस्रो र तेस्रो सातामा मन्त्री पुनको बेनीस्थित सम्पर्क कार्यालयका प्रमुख चित्र तिलिजाको नेतृत्वमा गएको टोलीले मुदी–गुर्जा–जलजला, धौलागिरि चक्रीय पदमार्ग तथा अन्नपूर्ण गाउँपालिका–१ दोवादेखि रघुगङ्गा गाउँपालिका–७ सोवाङधुरी हुँदै चिमखोला जोड्ने पदमार्गको सम्भाव्यता अध्ययन गरेको थियो ।
टोलीले तयार पारेको प्रतिवेदनमा जलविद्युत् आयोजना र सडक विस्तारका कारण धौलागिरि चक्रीय पदमार्गको इटाली आधार शिविरसम्मको मार्ग जोखिममा पर्नसक्ने उल्लेख गरिएको छ । त्यसको विकल्पका रूपमा मुदी–गुर्जा–रुघाचौर–जलजला तथा दोवा–सोवाङ–चिमखोला पदमार्ग सडक विस्तारबाट प्रभावित नहुने भएकाले दीर्घकालीन सम्भावना रहेको निष्कर्ष निकालिएको छ । प्रतिवेदन गत साता मन्त्री पुन र पर्यटन मन्त्रालयलाई बुझाइएको थियो ।
धौलागिरि चक्रीय पदमार्ग योजनाका लागि आगामी आर्थिक वर्ष २०८३/८४ मा पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयले तीन करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । साथै मुदी–गुर्जा–जलजलालगायत पदमार्गको सम्भाव्यता अध्ययनका लागि २१ लाख रुपैयाँ बजेट छुट्याइएको मन्त्रालयको वार्षिक पुस्तिकामा उल्लेख छ ।
मुदीका स्थानीय विजय घर्तीले नयाँ पदमार्गले सुस्ताएको पर्यटन क्षेत्र पुनः चलायमान हुने विश्वास व्यक्त गर्दै मुदी–गुर्जा खण्डमा आधारभूत पदमार्ग, सञ्चार सुविधा तथा अन्य आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने बताए । उनका अनुसार पदमार्ग सञ्चालनले स्थानीयस्तरमा रोजगारी र आयआर्जनका नयाँ अवसर सिर्जना गर्नेछ ।
सडक विस्तारसँगै पुराना पदमार्ग विस्थापित हुन थालेपछि नयाँ पदमार्ग पहिचान गरी पूर्वाधार निर्माण र प्रवद्र्धन गर्न स्थानीयवासी तथा जनप्रतिनिधिले लामो समयदेखि माग गर्दै आएका थिए । धौलागिरि हिमाल र ढोरपाटन सिकार आरक्षलाई जोड्ने प्रस्तावित यो पदमार्ग साहसिक, प्राकृतिक र सांस्कृतिक पर्यटनका दृष्टिले अत्यन्त सम्भावनायुक्त मानिएको छ । संसारको सातौँ अग्लो धौलागिरि हिमालको फेदीमा रहेको मुदीमा मगर र दलित समुदायको बसोबास छ भने 'लुकेको गाउँ'का रूपमा परिचित गुर्जामा अल्पसंख्यक छन्त्याल र दलित समुदायको बसोबास रहेको छ ।
गुर्जादेखि ढोरपाटन जाने बाटोमा पर्ने रुघाचौर तथा ढोरपाटन सिकार आरक्षभित्रको जलजलाबाट धौलागिरिलगायत हिमशृङ्खलाको मनमोहक दृश्य अवलोकन गर्न सकिन्छ ।
धवलागिरि गाउँपालिका–४ का वडाध्यक्ष यामप्रसाद घर्तीले सडक निर्माणको सम्भावना न्यून र बस्तीबाट टाढा रहेकाले धौलागिरि–ढोरपाटन पदमार्ग दीर्घकालीन रूपमा पर्यटकीय आकर्षण बन्नसक्ने विश्वास व्यक्त गरे । उनले यस पदमार्गले धवलागिरि क्षेत्रको पर्यटन विकाससँगै स्थानीय अर्थतन्त्रलाई टेवा पुग्ने अपेक्षा गरे ।रासस

# सारङ्गीको धुनसँगै पुख्यौंली पेसा जोगाउँदै यमबहादुर गन्धर्व

लमजुङ ।
ढाका टोपी, घाँटीमा स्कार्फ, काँधमा सारङ्गी र जीवनभरको सङ्घर्षको अनुभूति बोकेर ६३ वर्षीय यमबहादुर गन्धर्व हरेक दिन नयाँ गन्तव्यतर्फ लाग्छन् । सारङ्गीको धुन र गीतमार्फत उनले आफ्नो जीवनयापन मात्र गरिरहेका छैनन्, गन्धर्व समुदायको मौलिक कला, संस्कृति र पहिचानलाई निरन्तरता दिइरहेका छन् ।
लमजुङको सुन्दरबजार क्षेत्र नजिकै लमजुङ र तनहुँको सीमाक्षेत्रमा बसोबास गर्दै आएका यमबहादुरले विगत ३६ वर्षदेखि सारङ्गी बजाउने र गीत गाउने पेसालाई निरन्तरता दिँदै आएको छ । बुबा–बाजेको पालादेखि चल्दै आएको पुख्र्यौली पेसालाई अँगालेर उनले आफ्नो जीवनयात्रा अघि बढाइ रहेका छन् । 'पढाइ पनि धेरै गर्न सकिनँ, अरू काम पनि जानेको छैन । अब यही पेसाबाट जीवन चलिरहेको छ,' यमबहादुरले भने, 'हातगोडा चलुन्जेल यही काम गर्छु । आफ्नो कमाइ आफैँ गर्छु र आफ्नो खर्च आफैँ चलाउँछु ।'
विगतमा गाउँ–बस्तीमा पुग्दा गन्धर्वका गीत सुन्ने र सहयोग गर्ने मानिस धेरै हुने गरेको अनुभव उनीसँग छ । तर समय परिवर्तनसँगै मानिसको रुचि र व्यवहारमा आएको परिवर्तनका कारण अहिले पहिले जस्तो सहयोग पाउन कठिन हुँदै गएको यमबहादुरले बताए । लमजुङका विभिन्न स्थानसँगै मनाङ, गोरखा, काठमाडौँ, पोखरा, चितवनलगायत क्षेत्रमा पुगेर उनले सारङ्गी बजाउँदै गीत गाउँदै आएका छन् ।
बिहानैखि बेलुका अबेरसम्म विभिन्न ठाउँमा हिँडेर गन्धर्वले आफ्नो कला प्रस्तुत गर्छन् । यमबहादुरको आम्दानी निश्चित छैन । गन्धर्वका अनुसार कसैले १०–२० रुपैयाँ सहयोग गर्छन् भने कसैले ४०–५० रुपैयाँसम्म पनि दिने गर्छन् । कतिपय अवस्थामा राम्रो व्यवहार पाए पनि कहिलेकाहीँ अपमानजनक शब्दसमेत सुन्नुपर्ने अवस्था आउने गरेको उनले बताए ।
यही पेसाबाट परिवारको खर्च चलाउँदै आउनुभएका यमबहादुरले सामान्यतया महिनामा १५ हजारदेखि २० हजार रुपैयाँसम्म आम्दानी हुने र कहिलेकाहीँ त्यसमा वृद्धि हुने गरेको बताए । वर्षायाम भने उनका लागि थप कठिन समय हुने गरेको छ । असार–साउनमा पानी पर्ने, बाटो बिग्रने र लामो दूरी हिँड्न समस्या हुने भएकाले पेसामा असर पर्ने गरेको गन्धर्वको भनाइ छ । 'पानी परेको बेला धेरै समस्या हुन्छ । हिँड्न गाह्रो हुन्छ । तर यही मेरो जीवनको आधार हो,' उनले भने ।
यमबहादुरका लागि सारङ्गी केवल आम्दानीको माध्यम मात्र होइन, आफ्नो पहिचान र संस्कृतिसँग जोडिएको सम्पत्ति हो । गन्धर्व समुदायमा गीत–सङ्गीत र सारङ्गी बजाउने परम्परा पुस्तौँदेखि चल्दै आएको उनले बताए । धार्मिक तथा सांस्कृतिक विश्वासअनुसार गन्धर्व समुदायलाई गीत–सङ्गीतको वरदान प्राप्त भएको र गीत गाउँदै, सारङ्गी बजाउँदै विभिन्न ठाउँमा पुग्ने परम्परा रहेको विश्वास रहेको गन्धर्वले बताए ।
सारङ्गी बजाउनुका साथै गन्धर्वले समाज र देशमा भएका विभिन्न घटना, सामाजिक विषय तथा जनचेतनामूलक सन्देश समेटिएका गीतसमेत गाउँदै आएका छन् । आफ्नो कलामार्फत समाजलाई सन्देश दिन पाउँदा खुसी लाग्ने उनले बताए । तर पछिल्लो समय गन्धर्व समुदायको मौलिक कला, संस्कार र संस्कृति संरक्षणमा चुनौती थपिँदै गएकामा यमबहादुरको चिन्ता छ । नयाँ पुस्ताले यो पेसा अँगाल्न चासो नदेखाउँदा परम्परागत कला विस्तारै हराउने जोखिम बढेको गन्धर्वले बताए । रासस

# २१ घरधनीले बुझाए सांसद पन्तलाई ज्ञापनपत्र



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको आदर्शनगर क्षेत्रमा रहेका २१ घरजग्गाधनीले आफ्नो नाममा दर्ता भई लामो समयदेखि भोगचलन गर्दै आएको जग्गाको स्वामित्वमाथि विवाद सिर्जना भएको भन्दै प्रतिनिधिसभा सदस्य बुद्धि प्रसाद पन्तलाई ज्ञापनपत्र बुझाएका छन्।

उनीहरूले मालपोत कार्यालय पर्साबाट आफ्नो जग्गाको श्रेस्ता बदर गर्ने चेतावनी दिइएको आरोप लगाउँदै सम्पत्ति संरक्षण तथा निष्पक्ष छानबिनको माग गरेका हुन् । पीडितहरूले बुझाएको ज्ञापनपत्रमा २०२९ सालमा तत्कालीन सरकारले व्यवस्थित शहरीकरणका लागि पशुपति आदर्शनगर निर्माण समिति गठन गरी अधिकरण गरिएका जग्गा प्लटिङ गरेर बिक्री वितरण गरेको उल्लेख छ । सोही क्रममा खरिद गरिएका जग्गाहरू २०४६ सालको नयाँ नापीका क्रममा सम्बन्धित खरिदकर्ताकै नाममा दर्ता भएको र त्यसयता निर्विवाद रूपमा भोगचलन गर्दै आएको दाबी गरिएको छ।

ज्ञापनपत्रमा आफूहरूसँग जग्गा खरिदसम्बन्धी प्रमाण, २०४६ सालको नापी दर्ता, फिल्डबुक, हालसाबिक श्रेस्ता, नगरपालिकाबाट स्वीकृत घरको नक्सापास तथा हालसम्म नियमित रूपमा मालपोत कर तिरेको प्रमाणसमेत सुरक्षित रहेको उल्लेख गरिएको छ । पीडितहरूका अनुसार प्रदीप कुमार केडियाले २०२१ सालको नापीअनुसार श्रीपुर वडा नं. ९ को कित्ता नं. १४ र १५ रुक्मिणी देवी केडियाको नाममा रहेको दाबी गर्दै मालपोत कार्यालय पर्सामा निवेदन दिएका छन् । त्यसपछि मालपोत कार्यालयका प्रमुख खेमराज खत्रीले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर २०४६ सालको नापीअनुसार कायम भएको श्रेस्ता बदर गर्ने चेतावनी दिएको, पटक–पटक दबाब दिएको तथा सार्वजनिक सञ्चारमाध्यममार्फत पनि त्यससम्बन्धी अभिव्यक्ति दिएको आरोप ज्ञापनपत्रमा गरिएको छ।

ज्ञापनपत्रमा मालपोत कार्यालयलाई हालसाबिक भएको जग्गाको श्रेस्ता खारेज गर्ने कानुनी अधिकार नभएको दाबी गर्दै कार्यालय प्रमुखले अनुचित प्रभावमा परेर आफूहरूमाथि मानसिक तनाव, आर्थिक भार र सामाजिक असहजता सिर्जना गरेको उल्लेख गरिएको छ । पीडितहरूले मालपोत कार्यालय, नापी कार्यालय तथा अन्य सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी घटनाको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी छानबिन गर्न तथा वर्षौंदेखि भोगचलन गर्दै आएको सम्पत्तिको संरक्षण सुनिश्चित गर्न सांसद पन्तसँग पहल गरिदिन आग्रह गरेका छन्।

साथै, अधिकार क्षेत्र नाघेर काम गरेको आरोप लागेका मालपोत अधिकृतमाथि कानुनबमोजिम कारबाहीका लागि सिफारिस गर्न पनि उनीहरूले माग गरेका छन्।

उक्त ज्ञापनपत्रमा स्काईलाइन इन्फ्रा प्रालि, होटल पूजन, नविल बैंक लिमिटेड, एसआईसी बैंक लगायत विभिन्न संस्था तथा २१ जना घरजग्गाधनीहरूको हस्ताक्षर रहेको जनाइएको छ । यस विषयमा मालपोत कार्यालय पर्सा, मालपोत प्रमुख खेमराज खत्री तथा प्रदीप कुमार केडियाको आधिकारिक प्रतिक्रिया भने प्राप्त हुन सकेको छैन।

# चौथो विशाल रथ यात्रा ऐतिहासिक बनाइँदै

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको ऐतिहासिक तथा धार्मिक आस्थाको केन्द्र गहवामाई मन्दिरमा आगामी असार ३२ गते आयोजना हुने चौथो विशाल रथ यात्राको तयारीलाई तीव्र बनाइएको छ । शनिबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो।



गहवामाई तीर्थ क्षेत्र विकास समितिका अध्यक्ष श्याम पोखरेल, समितिका सचिव लक्ष्मीनारायण गुप्ता, प्रचार–प्रसार उपसमितिका संयोजक श्यामप्रसाद गुप्ता तथा रथ यात्रा संयोजक बसन्तकुमार गुप्ताले शनिबार बिहान संयुक्त रूपमा जारी गरेको प्रेस विज्ञप्ति अनुसार, यस वर्षको रथ यात्रामा हेलिकप्टरबाट पुष्पवृष्टि सहित नगर परिक्रमा गरिनेछ।

कार्यतालिका अनुसार असार ३२ गते बिहान ७:३० बजे गहवामाई मन्दिर परिसरबाट विधिवत् पूजा–अर्चना गरी रथ यात्रा प्रारम्भ हुनेछ। सोही दिन साँझ ६ बजेदेखि मन्दिर परिसरमा भजन सन्ध्या आयोजना गरिनेछ । त्यसैगरी साउन १ गते बिहान ६ बजेदेखि ५६ भोग पूजा तथा दिउँसो ४ बजेदेखि विशाल महाप्रसाद भण्डारा सञ्चालन गरिने विज्ञप्तिमा उल्लेख गरिएको छ।

रथ यात्राका क्रममा श्रद्धालुको सुरक्षालाई ध्यानमा राख्दै यात्रा अवधिभर सडक आसपासका संरचना हटाउने कार्य स्थगित गर्न सडक डिभिजन कार्यालयलाई पत्राचार गरिएको आयोजक समितिले जनाएको छ। समितिले धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको यस रथ यात्रालाई भव्य रूपमा सफल बनाउन सम्पूर्ण श्रद्धालु तथा सर्वसाधारणलाई सहभागिताका लागि आग्रह गरेको छ।

# एमएससी पढेका विवेक : आत्मदाह गर्ने स्थितिमा कसरी पुगे ?

**मधेशदृष्टि**
**सर्लाही।**
गोडैता नगरपालिकामा आफ्नै शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरेका विवेक मण्डलको अवस्था चिन्ताजनक रहेको छ । उनको हाल काठमाडौँको कीर्तिपुरस्थित बर्न अस्पतालको सघन उपचार कक्ष (आईसीयू) मा उपचार भइरहेको छ।



गोडैता नगरपालिका–१० सिसौटियाका ३५ वर्षीय विवेक मण्डलले शुक्रबार दिउँसो करिब पौने ४ बजे घरबाट करिब २ सय मिटर टाढा पुगेर शरीरमा पेट्रोल खन्याई आगो लगाएका थिए । घटनापछि उनलाई तत्काल प्रादेशिक अस्पताल मलंगवामा लगिएको थियो । त्यहाँ उपचार सम्भव नभएपछि शुक्रबार साँझ नेपाली सेनाको हेलिकप्टरमार्फत काठमाडौँस्थित कीर्तिपुर बर्न अस्पताल ल्याइएको हो।

बर्न अस्पतालका निर्देशक डा. किरण नकर्मीका अनुसार मण्डलको शरीरको करिब ८५ प्रतिशत भाग गम्भीर रूपमा जलेको छ। 'उहाँको अवस्था अत्यन्तै गम्भीर छ। आईसीयूमा राखेर उपचार भइरहेको छ,' उनले बताए।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपी वेदप्रसाद गौतमले पनि मण्डलको अवस्था गम्भीर रहेको पुष्टि गर्दै परिवारका सदस्यका अनुसार उनी केही समयदेखि मानसिक समस्याबाट गुज्रिरहेका थिए।

स्थानीयका अनुसार विज्ञान विषयमा स्नातकोत्तर (एमएस्सी) गरेका मण्डल एक वर्षदेखि बेरोजगार थिए । अध्ययन पूरा गरेपछि उनले केही समय मलंगवास्थित एक कलेजमा अध्यापन गरेका थिए। तर करिब एक वर्षअघि जागिर गुमाएपछि उनी बेरोजगार बनेका थिए।

गोडैता नगरपालिका–१० का वडाध्यक्ष वैद्यनाथ मण्डलका अनुसार लामो समयको बेरोजगारी र आर्थिक अभावका कारण उनी मानसिक तनावमा परेका थिए । परिवारले पनि पछिल्लो समय उनको मानसिक अवस्था सामान्य नरहेको जनाएको छ।

घटनाको कारणबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

यसैबीच, बिहीबार काठमाडौँको त्रिपुरेश्वरमा आत्मदाहको प्रयास गरेका गणेश नेपालीको उपचारका क्रममा वीर अस्पतालमा मृत्यु भएको थियो । हालैका यस्ता घटनाले मानसिक स्वास्थ्य र सामाजिक–आर्थिक समस्याप्रति गम्भीर ध्यान दिनुपर्ने आवश्यकता पुनः उजागर गरेको छ।

# खानेपानी संकट बढेपछि प्रशासनको चेतावनी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मनसुनी वर्षा सुरु भइसके पनि धनुषाका विभिन्न क्षेत्रमा खडेरीका कारण खानेपानीको समस्या देखिन थालेपछि जिल्ला प्रशासन कार्यालय धनुषाले सरकारी अनुदानमा निर्माण गरिएका भूमिगत पानीका स्रोतबाट चर्को शुल्क असुल नगर्न सम्बन्धित पक्षलाई चेतावनी दिएको छ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलद्वारा जारी सूचनामा कमला नगरपालिका, सबैला नगरपालिका, शहीदनगर नगरपालिका लगायतका स्थानीय तहका केही वडा तथा बस्तीमा पानीका मुहान सुक्नुका साथै बोरिङबाट समेत पर्याप्त पानी नआउँदा खानेपानीको समस्या उत्पन्न भएको उल्लेख गरिएको छ।

प्रशासनका अनुसार प्रभावित क्षेत्रमा तत्काल पिउने पानीको व्यवस्था गर्न सम्बन्धित वडा कार्यालय, स्थानीय तह तथा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसँग समन्वय गरी आवश्यक पहल भइरहेको छ।

यसैबीच, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विभिन्न दातृ निकायको अनुदानमा जडान गरिएका पम्पसेट, बोरिङ, डिप बोरिङ र इनारजस्ता सामुदायिक खानेपानी तथा सिँचाइका स्रोतबाट केही व्यक्तिले अत्यधिक शुल्क लिएर मात्र पानी उपलब्ध गराएको गुनासो प्रशासनमा परेको जनाएको छ।

जिल्ला प्रशासन कार्यालयले सरकारी अनुदानबाट निर्माण भएका यस्ता संरचनाबाट समुदायले निर्धारण गरेको सर्वसुलभ शुल्कमै खानेपानी तथा सिँचाइ सुविधा उपलब्ध गराउन सम्बन्धित पक्षलाई आग्रह गरेको छ।

प्रशासनले सार्वजनिक हितका लागि निर्माण गरिएका खानेपानी तथा सिँचाइका संरचनालाई व्यक्तिगत आम्दानीको माध्यम बनाउँदै चर्को शुल्क असुलेको पाइए प्रचलित कानुनअनुसार कारबाही गरिने स्पष्ट चेतावनीसमेत दिएको छ।

# आत्मदाहको प्रयास गरेका व्यवसायी राउतको उपचारक्रममा मृत्यु

## गणेश नेपालीको परिवारलाई मानवीय सहयोग

**मधेशदृष्टि**
**काठमाडौँ।**
काठमाडौँको बुद्धनगरमा आफ्नै शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरेका ४५ वर्षीय अश्विन राउतको उपचारका क्रममा निधन भएको छ। प्रहरीका अनुसार शनिबार बिहान काठमाडौँ महानगरपालिका–१० बुद्धनगरस्थित आफ्नै घरको भान्सामा राउतले शरीरमा आगो लगाएका थिए।

गम्भीर रूपमा जलेका उनलाई तत्काल उद्धार गरी वीर अस्पताल पु¥याइएको थियो । उपचारमा संलग्न चिकित्सक डा. पियुष दाहालका अनुसार राउतको शरीरको करिब ५५ प्रतिशत भाग जलेको थियो। गम्भीर जलनका कारण उपचारकै क्रममा उनको मृत्यु भएको हो । राउतले व्यावासाय चौपट भएपछि आत्मदाहको प्रयास गरेका खुलासा भएको छ।

नदी किनारामा प्रयोग हुने तार जाली उत्पादन गर्ने 'सुपर वायर एण्ड स्टिल इन्डस्ट्रियल प्रालि' र चीनबाट होम एप्लायन्स (फ्रीज, पंखा) आयात गर्ने 'दिब्यश्री ट्रेड कन्सर्न प्रालि' सञ्चालन गर्दै आएका राउत लामो समयदेखि व्यवसाय धराशायी भएपछि तनावमा थिए।

सिराहाको लाहान स्थायी ठेगाना भई हाल काठमण्डौ बुद्धनगरस्थित बुद्ध विहार छेउमा बस्दै आएका राउत सामाजिक कार्यमा पनि सक्रिय थिए।

उनी क्षेत्री सेवा समाजका अध्यक्ष समेत हुन्। समाजका सचिव रोशन राउतका अनुसार शनिबार श्रीमती र छोरा घरमा नभएको मौका छोपेर उनले आत्मदाहको प्रयास गरेका थिए।

व्यवसायमा गम्भीर संकट आएपछि राउतले ललितपुरको भैंसेपाटीमा रहेको आफ्नो जग्गा बिक्री गरेर समस्या सल्ट्याउन खोजेका थिए । तर, विभिन्न कारणले लामो समयसम्म जग्गा बिक्री नभएपछि उनी थप तनावमा परेको पारिवारिक स्रोतले जनाएको छ।

प्रहरीले छोरासँगको विवादका कारण राउतले आत्मदाहको प्रयास गरेको अनुमान गरेको प्रति पारिवारिक स्रोतले इन्कार गरेको छ । राउतको छोरा झगडालु स्वभावको नभएको र घटनाको मुख्य कारण व्यावसायिक संकट नै रहेको पारीवारिक स्रोतको दाबी छ । घटनाबारे प्रहरीले थप अनुसन्धान अघि बढाएको छ । राउतको मृत्युसंगै मुलुकमा दुइ दिनको अवधिमा आत्म दाह गरेर मृत्यु हुनेको संख्या दुइ पुगेको छ।

यसैबीच काठमाडौँ महानगरपालिकाले मुगुका गणेश नेपालीको परिवारलाई मानवीय सहयोग, रोजगारी उपलब्ध गराउने तथा सन्ततिलाई निःशुल्क शिक्षा प्रदान गर्ने भएको छ । महानगरले यो विषयलाई कार्यपालिकाको बैठकबाट विधिसम्मत निर्णय गरी कार्यान्वयनमा लैजाने जनाएको छ।

अस्ति राहदानी विभागअगाडि आफ्नै शरीरमा पेट्रोल खन्याएर जलेका २५ वर्षीय नेपालीको उपचारका क्रममा हिजो बिहान वीर अस्पतालमा ज्यान गएको हो। काठमाण्डौ महानगरका प्रवक्ता नवीन मानन्धरले निकालेको विज्ञप्तिमा नेपालीको निधनप्रति दुःख व्यक्त गर्दै परिवारप्रति समवेदना प्रकट गरिएको छ। साथै सरकारले गठन गरेको छानबिन समितिलाई महानगरले पूर्ण सहयोग गर्ने उल्लेख छ।

# भारतीय सुटर प्रयोग गरी हत्या गराएको आरोपमा दुई जना कारागार चलान

**मधेशदृष्टि**
**सिरहा।**
भारतीय सुटर प्रयोग गरी हत्या तथा गोली प्रहार गराएको आरोप लागेका दुई अभियुक्तलाई सिरहा जिल्ला अदालतले पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग तथा संगठित अपराधसम्बन्धी छुट्टाछुट्टै मुद्दामा पक्राउ परेका उपेन्द्र यादव र हरी ठाकुर बरहीलाई अदालतले थुनामा राखेर मुद्दाको पुर्पक्ष अघि बढाउन आदेश दिएको हो।

प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार प्रेमनाथ यादव हत्या प्रकरणका मुख्य अभियुक्त उपेन्द्र यादवविरुद्ध कर्तव्य ज्यान र संगठित अपराध तथा श्यामसुन्दर ठाकुरमाथि भएको गोली प्रहार घटनाका अभियुक्त हरी ठाकुर बरहीविरुद्ध ज्यान मार्ने उद्योग र संगठित अपराधको मुद्दा दर्ता गरिएको छ । प्रहरीका अनुसार गत पुस १६ गते सिरहा नगरपालिका–७ स्थित मैनावती नदी किनारको बाँसघारीमा ४२ वर्षीय प्रेमनाथ यादवको गोली हानी हत्या गरिएको थियो। अनुसन्धानका क्रममा उपेन्द्र यादवले योजनाबद्ध रूपमा भारतबाट सुटर बोलाएर हत्या गराएको खुलेपछि उनलाई गत वैशाख २७ गते पक्राउ गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत अदालतमा पेश गरिएको थियो। यस्तै, गत माघ ४ गते औरही गाउँपालिका–५ स्थित जितिया मन्दिर परिसरमा श्यामसुन्दर ठाकुरमाथि भएको गोली प्रहार घटनामा पनि भारतीय सुटर प्रयोग गरिएको प्रहरीको दाबी छ । घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका हरी ठाकुर बरहीले भारतबाट सुटर मगाएर गोली प्रहार गराएको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

बरहीलाई पनि गत वैशाख २७ गते सिरहा नगरपालिका–१ स्थित हनुमानचोकबाट पक्राउ गरिएको थियो।प्रारम्भिक प्रमाण र अनुसन्धानका आधारमा सिरहा जिल्ला अदालतले दुवै अभियुक्तलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

# पशुपतिमा साउने सोमबारको तयारीः सफाइ अभियान सुरु

**काठमाडौँ।**
साउन महिनामा आराध्यदेव भगवान् पशुपतिनाथको पूजाआराधना एवं दर्शनका लागि आउने भक्तजनको सहजताका लागि पशुपति क्षेत्रमा सफाइ अभियान सुरु गरिएको छ।

साउन महिना र सोमबार आशुतोष भगवान् शिवको महिना र बार मानिने भएकाले एकैदिन लाखौँ भक्तजन पशुपतिनाथको पूजाआराधना एवं दर्शनका लागि आउने गर्दछन्। भक्तजनलाई सहज रूपमा सेवा दिने उद्देश्यले पशुपति क्षेत्र विकास कोषले आजदेखि सफाइ अभियान सुरु गरेको कार्यवाहक सदस्य सचिव एवं कोषाध्यक्ष मीनाकुमारी श्रेष्ठले राससलाई जानकारी दिइन्।

पहिलो दिन शनिबार पशुपतिनाथ मूल मन्दिर क्षेत्रबाट सूर्यघाटसम्म सफाइ गरिएको छ। यस अभियानलाई आइतबार अपराह्नपछि पनि निरन्तरता दिइने उनले बताइन्। आइतबार मूल मन्दिर बन्द भएपछि सूक्ष्म रूपमा सफाइ गर्न लागिएको जनाउँदै यसमा सुरक्षा निकायलाई पनि सहभागी गराइने उनले उल्लेख गरिन् । पहिलो दिनको पशुपति क्षेत्रको सफाइमा दर्जन बढी सङ्घसंस्थाको सहभागिता थियो।

कोषले शनिबारदेखि सुरु गरेको सफाइ अभियानलाई प्रत्येक हप्ताको शनिबार पनि निरन्तरता दिने तयारी गरिएको कोषाध्यक्ष श्रेष्ठले बताइन् । उनका अनुसार साउनका लागि भने आइतबार र अन्य दिनमा पनि आवश्यकताअनुसार विशेष सफाइ अभियान सञ्चालन गरिने छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन